मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव

- रामकुमार एलन - भत्किएको समाज र बढ्दो हत्याहिंसा
- रमेश गिरी - स्कुटरको लाइसेन्स लिन आएका कुलप्रसाद परीक्षा नदिई अस्ताए
- कुम्भराज राई- पुस्तक समीक्षाः ऐतिहासिक दस्ताबेज 'लिम्बुवानका अभिलेख सङ्ग्रह'
- बविता राई - गुराँसे पाखामा फुलेको रैथाने फूल
- डा अरुणा उप्रेती - विज्ञापनको विश्वासले निम्त्याउने स्वास्थ्य सङ्कट

वर्ष ३ ● अंक ४९ ● २०८१ साल पुष १३ गते शनिबार ● Saturday 28, December 2024 ● सूर्योदय: बिहान ६:५० बजे ● सूर्यास्त: साँझ ५:१७ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## जनकपुरधाममा जनकपुर बोल्ट्सका खेलाडीको 'ट्रफी परेड'






**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सका खेलाडीहरु शुक्रबार जनकपुरधाममा 'ट्रफी परेड'मा सहभागी भएका छन् । बिहीबार राति जनकपुर आइपुगेका खेलाडीले शुक्रबारदेखि मधेश प्रदेशमा ट्रफी परेड शुरु गरेका हुन् । जसअन्तर्गत पहिलो दिन जनकपुरधाममा भव्य नगरपरिक्रमा गरिएको हो । रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालाबाट बिहान शुरू भएको ट्रफी परेड थापा चोक हुँदै पिडारी चोक, रामानन्द चोक, बजरङ्ग चोक, भ्रमरपूरा चोक, जिरो माइल, विश्वकर्मा चोक, मुरली चोक, रामचोक हुँदै जानकी मन्दिरमा समापन भएको थियो । नगरपरिक्रमाका अवसरमा जनकपुरधामका नागरिक समाज, खेलप्रेमीलगायतको सहभागिता थियो । पुस ६ गतेसम्पन्न एनपिएलको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै जनकपुर बोल्ट्स विजेता बनेको थियो ।

## शिक्षक सरुवाको बहानामा आक्रमण बढ्दो



**सञ्जय मिश्रा**
**रौतहट ।**
शिक्षक सरुवाको बहानामा विद्यार्थी उचालेर पालिकामा आक्रमण गराउने प्रवृत्ति रौतहटमा बढ्दै गएको छ । आक्रमण गराउने योजनाकारमाथि कारबाही नहुँदा यस्तो प्रवृत्ति बढेको हो । केही समयभित्रै शिक्षक सरुवाको बिषयलाई लिएर जिल्लामा ३ वटा नगरपालिकामा आक्रमण भएको छ र १ करोड रुपैयाँ भन्दा बढीको सरकारी सम्पत्तिमा नोक्सानी भएको छ ।

शिक्षक सरुवाकै बिषयलाई लिएर बिहीबार गरुडा नगरपालिका कार्यालयमा दोस्रोपटक तोडफोड भएको छ । नमूना माध्यमिक विद्यालय गरुडाका विद्यार्थीले नगरपालिका भवनमा तोडफोड गरेका हुन् । विद्यार्थीहरुले नगरपालिकाअगाडि राखिएको मेयर चढ्ने गाडीसँगै एकदर्जन बढी गाडीमा क्षति पुर्याएका छन् । नमूना माध्यमिक विद्यालयका नेपाली शिक्षक शिवशंकर झालाई मावि झाँझपुलमा सरुवा गरेको भन्दै आक्रोशित विद्यार्थीले शिक्षक झाको सरुवा रोक्न माग राख्दै बिहीबार नगरपालिकाअगाडि बिरोध प्रदर्शन गरेका थिए ।

प्रदर्शनक्रममा नगर प्रहरीले दुव्र्यवहार गरेको भन्दै विद्यार्थी उग्र भएर ढुंगामुढामा उत्रिए । ढुंगामुढाबाट नगरपालिका भवनको अधिकांश झ्यालको सिसा फुटेका छन् भने दुईवटा गाडी र दर्जनौँ मोटरसाइकलमा क्षति पुगेको छ । कार्यालयअगाडि पार्किङ गरिराखेको मेयर कन्थमनि प्रसाद जयसवाल चढ्ने ना१झ १६७३ नम्बरको सरकारी गाडी र एकजना सेवाग्राहीको भारतीय नम्बर प्लेटको स्कारपियो गाडीमा क्षति पुगेको छ । सरकारी गाडीको सबै सिसा फुटेको छ भने गाडीको अन्य भागमा समेत क्षति पुगेको छ । त्यस्तै,

*बाँकी पृष्ठ २ मा*

We're HIRING!
JOIN OUR TEAM
आवश्यकता
सिमला देवी मिडिया प्रालिद्धारा सञ्चालित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको लागि कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक र योग्य व्यक्तिले आवश्यक कागजपत्रसहित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको कार्यालयमा लिखित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।
**पद : रेडियो एड्ङ्कर-२ जना (महिला),**
**मार्केटिङ्ग-२ जना (पुरूष)**
**शैक्षिक योग्यता : कम्तीमा एसइई पास**
**कार्य अनुभव : कम्तिमा २ वर्ष, कम्प्युटरमा राम्रो दख्खल भएको हुनुपर्ने ।**
**पारिश्रमिक : आपसी समझदारीमा**
**सम्पर्कको लागि :9854028218, 9808835198**

## क्रसर उद्योग अनिश्चितकालका लागि बन्द

*'ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड (पहिलो संशोधनसहित) २०७९'को दफा ११ (१) र दफा ११ (४) ले तोकेको मापदण्ड–व्यवस्थाको उल्लंघन गरेको पाइएकाले तोकिएको मापदण्ड पूरा गरेर जिल्लास्तरीय अनुगमन समितिलाई जानकारी गराई समितिबाट स्वीकृति लिएर मात्र सञ्चालन गर्न र निर्देशनको अवज्ञा गरेको पाइए विद्युत लाइन काट्नुका साथै क्रसर उद्योगको सामानसमेत जफत गरिने क्रसर उद्योगलाई समितिले बुझाएको पत्रमा उल्लेख छ ।*

**एसपी गौरव**
**सर्लाही ।**
विभिन्न स्थानमा सञ्चालित दुई दर्जन भन्दा बढी क्रसर उद्योग अनिश्चितकालीन बन्द गरिएको छ । ईश्वरपुर, हरिपुर, बागमती र बरहथवा नगरपालिकाका विभिन्न स्थानमा सञ्चालित १४ क्रसर उद्योग बन्द गरिएको जिल्लास्तरीय अनुगमन उपसमिति सर्लाहीका संयोजक एवम् जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख जीतेन्द्र कुमार महतोले जानकारी दिए ।



उनका अनुसार, सर्लाहीका विभिन्न स्थानमा दर्ता भएका २१ क्रसर उद्योगमध्ये सञ्चालनमा रहेका १४ क्रसर उद्योग प्रचलित कानूनी तथा मापदण्डअनुसार सञ्चालनमा नआएको व्यापक गुनासो आएपछि स्थलगत अनुगमन गरी मापदण्डविपरीत रहेको पाइएकाले अनिश्चितकालीन बन्द गरिएको हो । लालबन्दीको रानीगंजमा सञ्चालित प्रिन्स क्रसर उद्योग, ईश्वरपुर नगरपालिका–५ फुलजोरमा सञ्चालित शुभम एग्रिगेट इण्डष्ट्रिज, ईश्वरपुर नगरपालिका–५ सखुवनीमा सञ्चालित फुलजोर बाबा बालुवा तथा गिट्टी प्रशोधन उद्योग, हरिपुर नगरपालिका–४ मा सञ्चालित राजदेवीमाई बालुवा गिट्टी, ढुङ्गा, हरिपुर नगरपालिका–८ मा सञ्चालित सिद्धिविनायक एग्रिगेट इण्डष्ट्रिज, बरहथवा नगरपालिका–१ मा सञ्चालित सर्लाही बालुवा प्रशोधन एण्ड क्रसर उद्योग, बरहथवा नगरपालिका–१ मा सञ्चालित गौतम गिट्टी बालुवा प्रशोधन उद्योग, बरहथवा नगरपालिका–८ मा सञ्चालित बरहथवा गिट्टी बालुवा प्रशोधन तथा सप्लायर्स, बरहथवा नगरपालिका–८ मा सञ्चालित राहुल गिट्टी बालुवा वासिङ सेन्टर, बरहथवा नगरपालिका–१ मा सञ्चालित हजरिया बालुवा गिट्टी प्रशोधन कम्पनी, बसबरिया गाउँपालिका–३ मा सञ्चालित अभिनित वासिङ उद्योग÷अभिनित ढुङ्गा क्रसर उद्योग, बागमती नगरपालिका–१२ मा सञ्चालित बालुवा वास प्लान्ट, बागमती नगरपालिका–७ मा सञ्चालित जय माँ दुर्गा क्रसर इण्डष्ट्रिज र बागमती नगरपालिका–१२ मा सञ्चालित एलिट कंक्रिट उद्योगको स्थलगत अनुगमन गर्दा राज्यले तोकेका न्युनतम मापदण्डसमेत पालना नगरेको पाइएको हो ।

'ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड (पहिलो संशोधनसहित) २०७९'ले तोकेबमोजिमको मापदण्ड पूरा नगर्दासम्मका लागि पत्र बुझाएर बन्द गरिएको जिल्लास्तरीय अनुगमन उपसमिति सर्लाहीका संयोजक एवम् जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख महतोले बताए । 'ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड (पहिलो संशोधनसहित) २०७९'को दफा ११ (१) र दफा ११ (४) ले तोकेको मापदण्ड–व्यवस्थाको उल्लंघन गरेको पाइएकाले तोकिएको मापदण्ड पूरा गरेर जिल्लास्तरीय अनुगमन समितिलाई जानकारी गराई समितिबाट स्वीकृति लिएर मात्र सञ्चालन गर्न र निर्देशनको अवज्ञा गरेको पाइए विद्युत लाइन काट्नुका साथै क्रसर उद्योगको सामानसमेत जफत गरिने क्रसर उद्योगलाई समितिले बुझाएको पत्रमा उल्लेख छ ।

**मापदण्डमा के छ ?**
'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यावस्थापनसम्बन्धी मापदण्ड २०७७'अनुसार क्रसर सञ्चालन गर्न दूरीका हिसाबले मापदण्ड निर्धारण गरिएको छ । मापदण्डअनुसार राजमार्गको राइट अफ वेबाट पाँच सय मिटर, खोला वा नदी किनारबाट पाँच सय मिटर, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट दुई मिलोमिटर, पक्की पुलबाट पाँच सय मिटर, अन्तर्राष्ट्रिय सीमाबाट दुई किलोमिटर, वन, निकुञ्ज तथा आरक्षबाट दुई मिलोमिटर, घना बस्तीबाट दुई किलोमिटर, हाइटेन्सन लाइनबाट दुई सय मिटर, ऐतिहासिक तालतलैया, जलाशय र पोखरीबाट पाँच सय मिटर, चुरे पहाडको फेदीबाट एक हजार पाँचसय मिटर दूरीको मापदण्ड कायम गरिएको छ ।

सर्वोच्च अदालतले 'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड २०७८' स्वीकृत गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नम्बर १९–२(०३९–१–४) को प्रस्ताव मन्त्रिपरिषद् बैठक संख्या १–२०७९ मिति २०७९–१–१३ को मन्त्रिपरिषदको बैठकमा पेश वा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने निर्णयलाई बदर गरी 'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७' नै कायम गरेको हो । 'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७' मा रहेको अनुगमनसम्बन्धी व्यवस्था, क्रसर उद्योगका लागि निर्धारित दूरीसम्बन्धी मापदण्ड, केन्द्रीय तहमा समन्वय संयन्त्रको व्यवस्थालगायतका अन्य सान्दर्भिक विषयमा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले सरकारले मापदण्ड बनाएको हो ।

जसमा 'प्राविधिक टोली गठनसम्बन्धी व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिले तोकेबमोजिम हुने, घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरीभित्रको नदी' भन्ने वाक्यांश हटाइएको छ । मापदण्डको दफा ४ को उपदफा (१३क) मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको संकलनका लागि

*बाँकी पृष्ठ २ मा*

# जनकपुर बोल्ट्सके 'ट्रफी परेड' जनकपुरधाममे



**धनुषा ।** नेपाल प्रिमियर लिग (एनपीएल) पहिल संस्करणके उपाधि विजेता जनकपुर बोल्ट्सके खेलाडीसभ आइ जनकपुरधाममे 'ट्रफी परेड'मे सहभागी भेल छैथ ।

वृहस्पैतदिन राइत जनकपुर आएल खेलाडीसभ आइसँ मधेश प्रदेशमे ट्रफी परेड शुरू कएने छैथ । जाहि अन्तर्गत पहिल दिन जनकपुरधाममे भव्य नगरपरिक्रमा केने अइछ ।

रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालासँ भोरमे सुरू भेल ट्रफी परेड थापा चौक होइत पिडारी चोक, रामानन्द चौक, बजरङ्ग चोक, भ्रमरपूरा चौक, जिरो माइल, विश्वकर्मा चौक, मुरली चौक, रामचौक होइत जानकी मन्दिरमे समापन भेल छल । नगरपरिक्रमाक अवसरमे जनकपुरधामके नागरिक समाज, खेल प्रेमीलगायत सबके सहभागिता छल ।

इएह पुस ६ गते एनपिएलके फाइनलमे सुदूरपश्चिम रोयल्सकेँ पाँच विकेटसँ पराजित करैत जनकपुर बोल्ट्स विजेता बनल छल ।

# संविधान आ कानुनबमोजिम नागरिकता प्राप्तिकेँ सहज बनाएबः गृहमन्त्री

**काठमाण्डू ।** गृहमन्त्री रमेश लेखक संविधान आ कानुनबमोजिम नागरिकता प्राप्तिकेँ सहज बनाएब बतौलैन अइछ ।

गृहमन्त्रालयमे आइ नागरिकता समस्या समाधान अध्ययन समितिक प्रतिवेदन लैत गृहमन्त्री लेखक कहलैथ, 'जिनका संविधान आ कानुनबमोजिम नागरिकता प्राप्त हएबाक चाही । हुनका नागरिकता भेटबाके चाही । मुदा नागरिकताके योग्य नै रहल व्यक्तिकेँ नागरिकता मिलबाक अवस्था सेहो नै अएबाक चाही । ई दूटा बातमे स्पष्ट छी ।' नागरिकता बहुते संवेदनशील विषय भेलासँ एकरा गम्भीर आ जिम्मेवारीपूर्वक लेबाक बतौलैन । 'प्रक्रियागत झमेलाक कारण नागरिकता नै बना सकल स्थितिके दूर करए पड़त । सम्मानित सर्वोच्च अदालतसँ बेर बेर फैसला भेल छै,' ओ कहलैन, "बेर–बेर निर्देशन देबाक काज भेल छै । ई सब बातकेँ मध्यनजर करैत नागरिकता प्राप्तिमे देखाएल गेल समस्या समाधान करबाक लेल सरकार आगू बढ़ल अइछ ।' समिति लगभग तीन महिनामे सब बातके अध्ययन करैत अदालतके फैसला, हालके कानुनी व्यवस्था, विभिन्न जिला प्रशासनमे देखल गेल जटिलताकेँ अध्ययन केने उल्लेख करैत गृहमन्त्री लेखक प्रतिवेदनके गम्भीरतापूर्वक अध्ययन क कार्यान्वयनमे करबाक बतौलैन । 'हमरासभ प्रतिवेदनके गम्भीरतापूर्वक अध्ययन करब । कत कि समस्या छै भेल अइछ ? समाधानक उपाय कि देखाएल गेल अइछ । एकर निष्कर्ष हुनकासभ कि देलैन अइछ ? ई बातकेँ अध्ययन करैत आओर आवश्यक काज हमरासभ करब,' गृहमन्त्री लेखक कहलैथ । प्रतिवेदनमे नेपाली माएसँ जन्मल सन्तानकेँ नागरिकता सहजातसभ मिलबाक विषय समेटल अइछ । गृहमन्त्री बनलाक बाद मन्त्री लेखक वितल भादब ३१ गते गृहमन्त्रालयक सहसचिव डा टोकराज पाण्डेके नेतृत्वमे उक्त समितिकेँ गठन केने छलाह । पाण्डे नेतृत्वक समितिमे प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयक उपसचिव, कानुन मन्त्रालयक उपसचिव, गृह मन्त्रालयक कानुन महाशाखाक प्रतिनिधि आ नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाक उपसचिव सदस्य छलैथ ।

# बुद्धकालीन शहरके संरचना भेटल दाबी

**नवलपरासी ।** पश्चिम नवलपरासीके रामग्राम नगरपालिका–१८ पण्डितपुरमे कएल गेल उत्खननके क्रममे बुद्धकालीन शहरके संरचना भेटल दाबी कएल गेल अइछ । पुरातत्व विभाग आ त्रिभुवन विश्वविद्यालयक अध्ययन टोली चाइर स्थानमे कएल उत्खननके क्रममे दबालके संरचनासहित विभिन्न प्रकारक प्राचीन भाँडावर्तन, जानवरके मूर्ति, गरगहनालगायत पुरातात्विक सामग्री भेटल पुरातत्वविद् भाष्कर ज्ञवाली जानकारी देलैन अइछ ।

अइसँ पहिने कएल गेल अध्ययनकेँ प्रमाणित करएबला बुद्धकालीन शहरके संरचनासहित विभिन्न सामग्री सेहो भेटल छल । कोलीय गणराज्यके महत्त्वपूर्ण शहर मानल गेल पण्डितपुरमे पुरातत्व विभाग केने उत्खननमे महत्त्वपूर्ण प्रमाणसहित संरचना भेटल अइछ । अइसँ पहिने भेल जियोफिजिक्स सर्भे (भूभौतिक अध्ययन)के क्रममे देखाओल बुद्धकालीन शहरके संरचना उत्खननसँ बहार निकलल अइछ । उक्त सामग्रीके आओर अध्ययन क बहुत बात थाहा हएबाक हुनक कहब छैन । पण्डितपुरमे उत्खनन टोली एक ठामँमे तीन मिटर गहिर खाइध खुइन क उक्त क्षेत्रके प्राचीन सांस्कृतिक अवस्थाक विषयमे सेहो अध्ययन केलक अइछ । बौद्धकालसँ मुस्लिम बसोबास अवधिसके विविधता पण्डितपुरमे भेटल ज्ञवाली बतौलैन ।

अइसँ पहिने बेलायतमे कएल गेल अध्ययनक क्रममे पण्डितपुरमे भेटल संरचना इशापूर्व छठम् शताब्दीक भेल पुष्ट्री भ गेल छै । विश्व सम्पदा सूचीमे सूचीकृत करबाक तैयारीमे रहल कपिलवस्तुके तिलौराकोटसङे मिलैत जुलैत समयक संरचना पण्डितपुरमे भेटल अइछ । ओइ स्थलके संरक्षणक लेल स्थानीय तह आ प्रदेश सरकारद्वारा बजेट विनियोजन कएल गेल रामग्राम नगरपालिकाक प्रमुख धनपत यादव बतौलैन । पुरातात्विक क्षेत्र भेल उक्त क्षेत्रके संरक्षण लेल तारबारसँ घेरबाक योजना बनाएल गेल ओ बतौलैन ।

पण्डितपुरमे कएल गेल उत्खननक क्रममे जमिनके सतहसँ १० सेन्टिमिटर पुरातात्विक संरचना भेटैत अइछ । सामान्य खुलापरसेहो पुरातात्विक सामग्री भेटैत रहल पण्डितपुर संवेदनशील पुरातात्विक क्षेत्रके रूपमे अइछ । किछ सार्वजनिक आ बहुत निजी स्वामित्वके जमीन रहल पण्डितपुरकेँ संरक्षण लेल भौतिक संरचना निर्माण तत्काल बन्द करए लेल विज्ञसभ जोड़ देलैन । करिब ६२ बिघा क्षेत्रफलमे पण्डितपुर कोलिय गणराज्यके राजधानी भेल दाबी करैत आएल अइछ ।

# औद्योगिक सुरक्षाक लेल सरकार गम्भीर अइछः मुख्यमन्त्री

**विराटनगर ।** कोशी प्रदेशक मुख्यमन्त्री हिक्मतकुमार कार्की औद्योगिक क्षेत्रके समस्या आ औद्योगिक सुरक्षाक विषयमे सरकार गम्भीर रहल बतौलैन अइछ ।

सुनसरीके इटहरीमे उद्योग सङ्गठन मोरङ आइ आयोजन केने 'व्यावसायिक सुरक्षा आ स्वास्थ्य व्यवस्थापन प्रणाली' विषयक गोष्ठीमे ओ उद्योग क्षेत्रक विकाशक लेल प्रदेश सरकार निजी क्षेत्रसङ सहकार्य क रहल बतौलैन ।

मुख्यमन्त्री कार्की औद्योगिक क्षेत्रका समस्या समाधान करैत औद्योगिक कामदारके समस्याबारे गोष्ठीक निष्कर्ष आओर मद्दतगार होबाक विश्वास व्यक्त केलैन ।

ओ लगानी सम्मेलन सफल बनेबाक लेल उद्योगी व्यवसायीक सल्लाह आ सुझाव महत्वपूर्ण भेलासँ उक्त विषयमे सेहो सकारात्मक सहयोग प्राप्त होबाक अपेक्षा व्यक्त केलैन ।

# गाउँपालिका, नगरपालिका आ जिसस महासङ्घद्वारा प्रधानमन्त्रीकेँ ध्यानाकर्षण

काठमाण्डू । प्रधानमन्त्री केपी शर्मा ओलीकेँ स्थानीय गामँ तथा नगरपालिका आ जिलासम्बद्ध सङ्घ तथा महासङ्घ कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जनसहितके 'एजेन्डा'मे बातचित करबाक लेल राष्ट्रिय समन्वय परिषद्के बैसार करबाक लगायत विषयवस्तुकेँ सूचीबना सात सूत्रीय ध्यानाकर्षणपत्र सौपल गेल अइछ ।

गाउँपालिका राष्ट्रिय महासङ्घके अध्यक्ष लक्ष्मीदेवी पाण्डे, नगरपालिका सङ्घके अध्यक्ष भीमप्रसाद पत्थरना आ जिला समन्वय समिति महासङ्घके अध्यक्ष अशोक कुमार घिमिरे सम्मिलित प्रतिनिधिमण्डल आइ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्के कार्यालय, सिंहदरबारमे प्रधानमन्त्री ओलीकेँ उक्त ध्यानाकर्षणपत्र सौपल गेल अइछ ।

प्रधानमन्त्रीक अध्यक्षतामे बनल समन्वय परिषद्क दोसर बैसार २०८० माघ महिनाबाद बैसार नै भेल, पछिला बैसारमे पेस होबाक लेल बाँकी निर्णयक विषयवस्तुमे बातचित करबाक लेल ध्यानाकर्षणपत्रमे मांग कएल गेल अइछ ।

तहिना, समानीकरण अनुदान कटौती नै करबाक लेल, स्थानीय सरकारकेँ वित्तीय हस्तान्तरणके आकार वृद्धि, राष्ट्रिय भूमि आयोगके काज जल्दी सम्पादन आ जिला समन्वय समितिकेँ स्रोतसाधन सम्पन्न करबाक लेल सेहो प्रधानमन्त्रीकेँ आग्रह कएल गेल अइछ ।

उक्त अवसरमे प्रधानमन्त्री ओली संविधानबमोजिम स्थानीय सरकारकेँ अधिकार आ स्रोत साधन क्षमता अनुसार बजेटके उचित प्रबन्ध करबाक प्रतिबद्धता व्यक्त कएल गेल प्रधानमन्त्रीके सचिवालय जनौलक अइछ । रासस

# पाँच महिनामे १९१ के मृत्यु, ३२७ गोटे गम्भीर घायल

**झापा ।** कोशी प्रदेशमे पाँच महिनामे दू हजार ९२ मोटरसाइकल दुर्घटनाक घटना भेल अइछ ।

चालु आर्थिक वर्षके साओनसँ अगहन महिनामे प्रदेशभैर तीन हजार चाइर सओ ९८ टा सवारी दुर्घटना भेल इटहरीस्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय जनौलक अइछ ।

उक्त अवधिमे सबसँ बेसी मोटरसाइकल दुर्घटना भेल आ तकरबाद क्रमशः टेम्पो, जिप आ कार दुर्घटना भेल ओइ कार्यालयक सूचना अधिकारी रामेश्वर द्वाटी बतौलैन ।

'पूर्वपश्चिम राजमार्गमे एसियन हाइवेके स्तरोन्नति कार्य भ रहल अवस्थामे जेब्रा क्रसिङ आ सवारी सङ्केतके अभावमे बेसी मोटरसाइकल दुर्घटना भेल अइछ,' ओ दुर्घटनाक कारण कहलैन, 'तीव्र गतिमे लापावैनाहीपूर्वक मोटरसाइकल चलेलापर मानवीय क्षति बहुत भेल अइछ ।' सवारी दुर्घटनामे एक सओ ९१ व्यक्तिके मृत्यु भेल तँ तीन सओ २७ गोटे गम्भीर घायल भेल छैथ ।

# क्रसर उद्योग अनिश्चितकालका...

नदीको धारमा परिवर्तन नहुने व्यवस्था मिलाई ड्याम वा तटबन्ध निर्माण गरी उन्नत प्रविधिको प्रयोगद्वारा रिभर माइनिङ गरी बालुवा प्रशोधन र बिक्री गर्ने कार्य सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सक्ने र १३ (ख)मा आवश्यक अन्य व्यवस्था जिल्ला अनुगमन समितिले तोकेबमोजिम हुनेछ' भनिएको छ ।

'मापदण्डमा अन्यत्र जुनसकै कुरा लेखिएको भए पनि प्रत्येक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन, बेमौसमी वर्षाका कारणले खोला वा नदीको बहाव औसत तहभन्दा बढी भएमा जिल्ला विपद् व्यवस्थापन समितिले उपदफा (१६) मा उल्लेख भएको अवधिभन्दा १५ दिन अघि वा पछिसम्मको अवधिमा उत्खनन् कार्यलाई निषेध गर्न सक्नेछ ।

ढुङ्गा, गिट्टी, बालुवाजस्ता साधारण निर्माणमुखी वस्तुको उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी नीतिगत निर्देशन, समन्वय एवम् सहजीकरणका लागि केन्द्रीय समन्वय तथा सहजीकरण समिति रहनेछ ।'

जुन समितिमा 'संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवका साथै खानी तथा भूगर्भ विभागका महानिर्देशक, सम्बन्धित प्रदेशको वातावरण हेर्ने मन्त्रालयका प्रदेश सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखाका सहसचिव र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि सम्मिलित समिति गठन हुने 'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७'मा व्यवस्था रहेको भए पनि सर्लाहीका कुनै पनि क्रसर उद्योगले यस प्रकारको मापदण्ड पूरा नगरी मनोमानी तथा दादागिरी तरिकाले क्रसर उद्योग चलाएको स्थानीयबाट पटकपटक गुनासो आएपछि जिल्लास्तरीय अनुगमन उपसमिति तातेको हो ।

प्रचलित मापदण्ड तथा नियमअनुसार जिल्लाका कुनै पनि खोलामा नदीजन्य पदार्थको उत्खनन्, निकासी तथा पैठारी गर्न पाइने छैन । चुरे संरक्षित क्षेत्रअन्र्तगतका ३६ जिल्लामा सर्लाहीसमेत पर्ने गरेको भए पनि मापदण्ड लत्याउँदै क्रसर माफिया र पर्यावरणविरोधीले आफुखुशी सरोकारवाला निकायलाई आर्थिक प्रभावका साथै राजनीतिक दबाबमा पारेर धन्दा चलाइरहेका थिए । स्थानीय सरकार सञ्चालन ऐन–२०७४ को परिच्छेद ३ को घ (६)को व्यवस्था, मधेश प्रदेश सरकारको आर्थिक ऐन–२०७९ को दफा ७ 'ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड २०७९' मा तोकिएको मापदण्डको धज्जी उडाउँदै पूर्वमन्त्री तथा सांसदहरुका साथै विभिन्न पार्टीका नेता र स्थानीयस्तरका जनप्रतिनिधिले खुलेआम प्रकृतिको दोहन गरिरहेका भए पनि यसपटक समितिले चासो देखाएपछि उनीहरुको निदहराम शुरु भएको छ ।

'यसअघि पटकपटक भएका अनुगमनले समितिलाई कमिसन उठाउने अवसर सिर्जना गरेको र यसपटकको अनुगमन पनि त्यसैप्रकारको नहोस् भन्ने हाम्रो चाहना छ,' स्थानीय जानकारहरु बताउँछन् । तर समितिले यसपटक उद्योगका सञ्चालक तथा प्रतिनिधिलाई पत्र बुझाई उद्योग परिसरमा संकलन गरिराखिएको तयारी कच्चा पदार्थ तथा संकलित पदार्थ कुनै पनि नउठाउन समेत निर्देशन दिएको छ ।

जिल्लास्तरीय अनुगमन उपसमितिका संयोजक एवम् जिल्ला समन्वय समिति सर्लाहीका उपप्रमुख महतोको नेतृत्वमा सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे र नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रतिनिधिसहितको टोलीले क्रसर उद्योगको स्थलगत निरीक्षण गरेर 'ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७'विपरीत सञ्चालित क्रसर उद्योगलाई पूर्णरुपमा बन्द गरिएको जिल्ला प्रशासन कार्यालय मलंगवा सर्लाहीका सूचना अधिकारी एवम सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए ।

# शिक्षक सरुवाको.........

नगरपालिकामा काम गराउन आएका सेवाग्राहीको एकदर्जन बढी मोटरसाइकलमा विद्यार्थीले तोडफोड गरी क्षति पुर्याएका छन् । ढुंगा प्रहारबाट नगर प्रहरी हवल्दार रामनारायण साह घाइते भएको र उनको वीरगंजमा उपचार भइरहेको छ । ढुंगामुढाबाट कार्यालय र सवारी साधनसहित १० लाख रुपैयाँ भन्दा बढीको क्षति भएको गरुडाका मेयर कन्थमनि प्रसाद जयसवालले बताए । नमूना मावि गरुडाका प्रधानाध्यापक प्रभु राउत पटेल र सरुवा भएका शिक्षक शिवशंकर झाले विद्यार्थी उचालेर ठूलो क्षति गराएको मेयर जयसवालले आरोप लगाए । यता, प्रधानाध्यापक पटेल र शिक्षक झाले आरोप निराधार भएको भन्दै खण्डन गरेका छन् । शिक्षक सरुवा गर्दा सरुवा भएको विद्यालयमा जानुको सट्टा शिक्षकले विद्यार्थी उचालेर पालिका तोडफोड गराउने प्रवृत्ति बढेको छ । शिक्षक सरुवाकै विषयमा यसअघि देवाहीगोनाही, कटहरिया र गरुडा नगरपालिकामा पनि विद्यार्थीले तोडफोड गरेका थिए ।

विद्यार्थीको आक्रमणबाट देवाहीगोनाही नगरपालिकामा ७० लाख रुपैयाँ भन्दा बढीको क्षति भएको मेयर प्रेमलाल साहले सार्वजनिक गरेका थिए । घटनामा संलग्न ९ जनामाथि इलाका प्रहरी कार्यालय गरुडामा मुद्दा दर्ता भएको थियो । त्यसअघि शिक्षक सरुवाकै विषयमा कटहरिया नगरपालिकामा विद्यार्थीद्वारा भएको तोडफोडबाट ३० लाख रुपैयाँ भन्दा बढीको क्षति भएको तत्कालीन मेयर सियाराम कुशवाहाले सार्वजनिक गरेका थिए ।

रौतहटका सिडिओ हीरालाल रेग्मीले यस्तो घटना हुनु दुःखद भएको बताउँदै जनप्रतिनिधि, शिक्षक सबै बसेर असहमतिबीच पनि सहमति गरेर अगाडि बढे त्यस्ता घटना पुनः नदोहोरिने सुझाव दिए । लोकतन्त्रमा सबैको अधिकारको सम्मान हुनुपजर्ने तर सम्मानका नाममा षड्यन्त्र गरेर पालिकामा आक्रमण गराई सम्पत्तिमा क्षति गराउनेलाई कानूनी कारबाहीको दायरामा ल्याइने सिडिओ रेग्मीले बताए ।



# भत्किएको समाज र बढ्दो हत्याहिंसा



रामकुमार एलन



मान्छे पढेर बन्छ कि परेर ? अहिलेसम्म बहस कायम छ । कोही पढ्नु पर्छ अनि मान्छे बन्छ भन्छन् । कोही नपरी मान्छे बन्न गाह्रो हुन्छ भन्छन् । पढेको र परेको भए सुनमा सुगन्ध । यसो भन्नेहरु पनि छन् । तर समय यस्तो आउन थाल्यो कि ससाना कुरामा पनि मान्छे मान्छे मार्न तयार हुन थाल्यो ।

खोटाङको रुपाकोट मझुवागढी नगरपालिका वडा नम्बर १ का मिलन आचार्यले काठमाडौँमा स्कुटीको लाइसेन्स बनाउन गाउँबाट आएका बुबालाई खुशी पारे । राति मासुभात पकाएर खुवाए । अनि त्यही राति सिलौटाले हानेर मारे । त्यतिमात्र होइन, आफ्नै भाइलाई पनि मारे । र, त सिंगो खोटाङको आचार्य परिवार आफ्नै कुलको एउटा सन्तानका कारण शोकमा छन् ।

यति मात्र होइन, ८१ वर्षका षडानन्द आचार्यले यो उमेरमा, पुसको जाडोमा छोरा र नातिलाई दागबत्ती दिनु पर्यो । अझ मिलन आचार्यकी आमा रेजिनाले पति र कान्छो छोरा गुमाइरहँदा जेठो छोरोले दशैंमै आमाबुबा मार्न खोजेको थिएँ भनेपछि 'छोरा, यो के गरेको भनेर भएको छोरासँग रुन पनि पाइनन् ।' हत्यारा छोरालाई आचार्य कुलले बाबु र भाइलाई दागबत्ती दिनसमेत रोके । यता, एउटै क्याफेमा वर्षा पुगिरहेको ग्राहकलाई राति उधारोको हिसाब मागेर होटलमा चक्कु प्रहार भएको छ । एकपटक गएर खाएर भागेका पनि होइनन् । सधैँ आइरहने नयन गुरुङ, जुन होटलमा साढे ३ वर्षदेखि जान्थे, त्यही होटलका मजदुरबाट उनको हत्या भएको छ । हत्यारा जेल जालान् तर समाज ससानो कुरामा किन हत्यामा उत्रिन थाल्यो ? कतै हाम्रा सन्तान असुरक्षित पो हुन थाले
कि ? अनि तपाईं हामी नै सन्तानबाट पनि असुरक्षित हुन थाल्यौँ । के समाज विखण्डनको सिकार भएकै हो ?

तपाईं काठमाडौँमा खाजा खान जाने होटलमा एकपटक होइन, पटकपटक गएपछि सहज मान्नुहुन्छ, होटलमा भएकाहरु पनि आफ्नै ठान्नु हुन्छ । यति मात्र होइन, काठमाडौँ हो, सधैँ पैसा पनि हुन्न, कहिलेकहीँ उधारो पनि माग्नु हुन्छ ।

भएको लगेर दिइन्छ, नभएका दिन उधारो मागिन्छ, उधारो तिर्न पर्छ भनेर अर्को होटलमा जाने कुरा पनि भएन । तर त्यही होटल तपाईंको चिहानघर बन्छ भनेर कसरी थाहा पाउने ? अनि उधारो तिरेन भनेर मान्छे मार्नै पाइन्छ ? तर यहाँ मारिसके, अन्त होइन, काठमाडौँ उपत्यकामै । समाज एकदम विभक्त हुँदै गएको छ । एकांगी बन्दै गएको छ । कसैको कुरा सुन्नै नसक्ने, धैर्य गर्नै नसक्ने अनि झनक्क झनक्क रिसाइहाल्ने प्रवृत्तिले क्षणभरमै अप्रिय घटना अर्थात् हत्या । कानून कडा बनाउनु पर्ने हो या समाजलाई मिलेर बस्न पढाउनु पर्ने हो ? प्रश्न ठडिएको छ ।

२०७४ सालमा काठमाडौं आएका २६ वर्षीय मिलन आचार्यले बिबिएस पास गरे । निजामती कर्मचारी हुनुपर्छ भन्ने बुवा कुलप्रसाद आचार्यको चाहना
थियो । र, लोकसेवाको परीक्षा दिन थाले । भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नम्बर २, बालकोटमा मिलनको डेरा थियो । उनीसँगै २२ वर्षीय भाइ प्रविण पनि थिए । बुबा आमा खोटाङमै थिए । जिल्ला हुलाक कार्यालय दिक्तेल खोटाङका निमित्त प्रमुख कुलप्रसाद आचार्य बुढेसकालमा अफिसले स्कुटी दिएपछि लाइसेन्स परीक्षाका लागि काठमाडौँ आएका थिए । तर जीवनकै परीक्षामा फेल भए । उनकै आगमनपछि कान्छो छोराको पनि ज्यान गयो । गाउँमा बाचेकी पत्नी एक्लो परिन्, बाँचेको छोरा बाबु र भाइको हत्यारा करार भयो ।

२०७४ देखि काठमाडौं बसेर पनि लोकसेवामा नाम निकाल्न नसकेको र अरु जागिर खान नसकेको तनावमा थिए मिलन आचार्य । गाउँलेको कामै गाउने हो, अरुको कुरा नकाटे भातै नरुच्ने समाज छ तपाईं हाम्रो । ६ पटक नासुको परीक्षा दिएर असफल भएका मिलन आचार्य उमेर गयो, बिहे गर्ने बेला भयो, कतै सेटल भइनस् भनेर बुबाले गरेको चिन्तामा पिरोलिए । शनिबार राति भात खाएपछि बाउछोरा छलफलमा जुटे ।

बुबाले छोराको राम्रै सोचेर चिन्ता गरेका थिए । एकातिर असफलता अनि बुबाले सम्झाएको विषयले छटपटिएका मिलन आचार्यले सोचे, सबैलाई तनाव दिएर बाँच्नुभन्दा नबाँचेकै राम्रो । कोठामा रहेको डम्बेलले खाटमा निदाइरहेका बुवाको टाउकोमा हाने । भाइ सुतेको भान्छा कोठामा छिरे । भान्छामा रहेको सिलौटाले भाइ प्रविणको टाउकोमा हाने । विचरा मर्नेहरुले आफूलाई कसले मार्यो, थाहै पाएनन् । आफू पनि मर्न खोजे तर पासो खुस्कियो । मिलनले भनेको र प्रहरीले पत्याएको देखिन्छ । एकैछिनको मानसिक तनावले मिलन आचार्यले परिवारको कुलंघार सन्तान, हत्यारामा नाम लेखाए । यता होटलमा उधारो नतिरेको निहुँ मात्रै थियो, प्रहरीको बयानमा थप कुरा आउला । काठमाडौँ आएर जागिर खाइरहेको छोरा हत्यारा करार भएर प्रहरी हिरासतमा छ भन्दा आमाबाबु, उसमा आश्रितहरुको मन कति रोला ? रोएर मात्र हुँदैन, एउटा सामान्य विवादमा पनि चिढिने नेपालीको आक्रोश अन्त्य गर्न मनोपरामर्श सेवा जरुरी छ । अर्कातिर तपाईं हामीले सन्तानको मनोदशा बुझ्न जरुरी छ । नत्र कुनै पनि बेला उनीहरु पनि मर्न सक्छन्, हामीलाई पनि मार्न सक्छन् ।

# स्कुटरको लाइसेन्स लिन आएका कुलप्रसाद परीक्षा नदिई अस्ताए

**रमेश गिरी**
**भक्तपुर ।**

जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख भएपछि ५६ वर्षीय कुलप्रसाद आचार्यलाई राज्यले सरकारी स्कुटर उपलब्ध गरायो । तर सवारी चालक अनुमति पत्र भने थिएन ।

त्यसैले कार्यालय जानआउन सहजताका लागि स्कुटरको लाइसेन्स अर्थात सवारी चालक अनुमति पत्रको परीक्षा दिन गत मङ्सिर २८ गते बिदा लिएर भक्तपुर आउनु भएको थियो दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–१ दिक्तेलका स्थायी बासिन्दा निमित्त कार्यालय प्रमुख आचार्य । तर सवारी चालक अनुमति पत्र लिने धोको पूरा गर्न नपाउँदै सधैंको लागि अस्ताउनु भयो उहाँ ।

सूर्यविनायक नगरपालिका–२ बालकोट फिकाधारास्थित भाडाको घरको भुईँतलामा कोठाभित्र मृत अबस्थामा फेला परेका बाबु कूलप्रसाद र कान्छो छोरा २२ वर्षीय प्रवीण आचार्यको हत्या अभियोगमा प्रहरीले जेठा छोरा मिलन भन्ने रुपेश आचार्यलाई मङ्गलबार काठमाडौँ महाराजगञ्जबाट पक्राउ गरेको छ ।

सोमबार बिहानसम्म कोठा नखोलेको, परिवारका कोही पनि बाहिर नदेखिएको र मोवाइलसमेत सम्पर्क नभएपछि सोमबार बिहान प्रहरीलाई खबर गरी कोठाको ताल्चा फुटाएर भित्र पस्दा बाउ–छोरा छुट्टाछुट्टै कोठामा मृत अबस्थामा भेटिएका थिए ।

कुलप्रसादको हत्यापछि सिरक ओढाएको र भान्छा कोठामा सुतेका प्रवीणको भने बिभत्स तरिकाले टाउँकोमा सिलौटाले प्रहार गरी अनुहारनै चिन्नै नसकिने अवस्थामा शव फेला परेको प्रहरीको भनाइ छ ।

बालकोटस्थित कान्छो छोरा एकनाथको घरमा बस्दै आउनुभएका मृतक कुलप्रसादका बुबा ८२ वर्षीय खडानन्द आचार्य, आमा ७६ वर्षीय तुलसा आचार्य र घट्नापछि दिक्तेलबाट बालकोट आइपग्नु भएकी मृतक कुलप्रसादकी पत्नी रेजिना आचार्य मात्रै होईनन्, आचार्यको सिङ्गो परिवार र आफन्तजन सोमबार देखिनै शोकाकुल बनेका छन् ।

मङ्गलबार साँझ पशुपति आर्यघाटमा बाबुछोराको एकैपटक दाहसंस्कार गर्दा परिवार र आफन्तको शोक निकै पीडादायक थियो । ८२ वर्षीय खडानन्दले आफ्नै छोरा र नातिलाई दागबत्ति दिएर कोरा बारेर किरिया बसेपछिको पीडा पनि परिवार र आफन्तका लागि निकै कठिन बनेको देखिन्थ्यो ।

घर झगडा कहिल्यै नसुनेको, परिवारभित्र कलह कहिल्यै नरहेको, माया र स्नेहमै अगाडि बढिरहेको अबस्थामा माया गर्ने आफ्नै बाबु र भाइको बिभत्स तरिकाले कसरी हत्या गर्नसक्छ भन्ने प्रश्नले यो परिवारलाई पटकपटक चिमोटिरहेको बताउनुहुन्छ मृतक परिवारका आफन्त दीपक पाण्डे ।

कान्छो छोराको घरमा बस्दै आउनु भएका बुबा खडानन्द र आमा तुलसासँगै हुनुहन्थ्यो गत शनिवार साँझसम्म कुलप्रसाद ।

साँझ जेठो छोराले मासु बनाएको छु बाबा खाना खान आउनुस् भनेर बोलाएपछि झोला बुबाआमा सुत्ने कोठामै छाडेर छोराहरुको कोठामा पुग्नुभएको थियो उहाँ । बुबा र दुईभाइ छोराले शनिबार बेलुकाको खानासँगै खाएको तर अचानक राति यस्तो दुःखद घट्ना कसरी भयो ? किन भयो ? मृतकका परिवारजनले अहिले यही प्रश्न बारम्बार गरिरहेका छन् ।

शनिवार नातिको कोठामा जाँदा छोराले छाडेर गएको झोला हरेर बुढी आमा तुलसाको आँखा ओभाएका छैनन् । अर्का ितिर छोरा र नातिको अकास्मात भएको मृत्युको पीडाले बुबा खडानन्द छटपटाइरहनुभएको छ । मृतक कुलप्रसादकी पत्नी रेजिनाको आँसु रोकिएको छैन । 'मरो जेठोले आफूले अति माया गर्ने बुबा र भाइका हत्या ग¥यो भनेर मैले कसरी पत्याउनु, मरो छोरालाई मेरो अगाडि ल्याउ, म उसकै मुखबाट सुन्न चाहन्छु ।' भन्दै भावविव्हल बनेकी रेजिनालाई सम्हाल्न सक्ने अबस्था नरहेको पाण्डे बताउनुहुन्छ । यतिखेर मृतकका आफन्तजनलाई पीडित आचार्य परिवारलाई संहाल्न सकस परेको छ ।

परिवारका अनुसार ध्यान, अध्ययन र कलाकारितामा सक्रिय जेठो छोरा मिलन आफन्त र पारिवारिक भेटघाट तथा रमाउँथे । सबैको प्यारो बन्दै आएका मिलनले तयारी गरिरहेको लोकसेवाको परीक्षामा असफल भएपछि त्यसको पीडा भने उनलाई थियो । कान्छो छोरा प्रवीण सूचना प्रबिधिमा स्नातक अध्ययन गरिरहेका थिए । बिभिन्न प्रतियोगिताहरुमा भाग लिने उनी मोडलिङमा पनि जम्दै थिए । मृतक कूलप्रसादका भाइ माधवले मोडलिङमा अगाडि बढेका प्रवीणले केही म्युजिक भिडियोमा अभिनय गरेका जानकारी दिँदै स्नातक तहको अध्ययनपछि अमेरिकामा थप अध्यनका लागि जाने तयारी गरेको बताउनुभयो ।

मृतक आचार्यकी जेठी छोरीको ललितपुरको लुभुमा बिवाह भएर जीवन अगाडि बढिरहेको र कान्छी छोरी गएको तिहार मानेर पत्रकारितमा स्नातकोत्तर अध्ययनका लागि अष्ट्रेलिया गएकी थिइन् । शिक्षिकाबाट अवकासप्राप्त मृतककी पत्नी रेजिना पनि पछिल्लो समय राजनीतिमा सक्रिय रहँदै आएकी थिइन् । उनी नेकपा एमाले खोटाङ जिल्ला सदस्य तथा अखिल नेपाल महिला सङ्घमा सक्रिय हुनुभएकी नेकपा एमालेले जनाएको छ ।

मृतकका भाइ माधव छोराछोरीलाई पढ्न र उनीहरुको भविश्य बनाउने विषयमा दाजुभाउजूले कुनै कमीकन्जुस्याईं नगरेको बताउनुहुन्छ ।

घट्ना हुनुभन्दा दुई दिन अघिमात्रै कुलप्रसादलाई जेठो छोरा मिलनले बुबा कुलप्रसादलाई शिक्षण अस्पताल महाराजगञ्ज लगेर स्वास्थ्य जाँच गराएर आएको र गत शनिवार पनि साथीसँग क्रिकेट हेरेर फर्किएका थिए । तर त्यही दिन राति किन त्यस्ता घट्ना भयो ? परिवार र आफन्तले यसको जवाफ अझै पाउन सकेका छैनन् ।

पक्राउपछि मिलन भन्ने रुपेश आचार्यलाई थप अनुसन्धानसहित कारबाही प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी परिसर भक्तपुरमा ल्याएर कर्तव्य ज्यानको कसुरमा म्याद थप गरेर अनुसन्धान अगाडि बढाएको भक्तपुर जिल्लाका प्रहरी उपरीक्षक माधवप्रसाद बढाथोकीले जानकारी दिनुभयो ।

प्रहरी बृत्त थिमिमा जाहेरी दिन र घटनाको सत्यतथ्यको गहिराइमा पुगेर अनुसन्धानको माग गर्न पगेका मृतकका परिवारजन र आफन्तले जाहेरी दिनुभएको छ । प्रहरीका अनुसार आफ्नै बाबु र भाइका कारण तनाव महशुस भइरहेको र लोक सेवा आयोगको परीक्षा असफल भएपछि झनै तनाब बढेकाले दुबै जनाको हत्या गरेपछि आफूले पनि आत्महत्या गर्न खोजेको तर नसकेपछि फरार भएको भन्ने बयान मिलनबाट आएको छ ।

यसैगरी शनिवार राति बुबा र भाइको हत्या आइतबार बिहान करिब ३ बजेतिर कोठामा ताल्चा मारेर बाहिरिएको र स्कुटर लिएर गएपछि प्रहरीले चौतर्फी खोजी गर्नेक्रममा मङ्गलबार महाराजगञ्जमा मिलनलाई पक्राउ गरी उनीमाथि अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# पुस्तक समीक्षाः ऐतिहासिक दस्ताबेज ‘लिम्बुवानका अभिलेख सङ्ग्रह’

कुम्भराज राई

विसं १७३३ को कुनै याममा तत्कालीन् मकवानपुरका राजा हरिहर (हरिश्चन्द्र) सेन सम्भवतः सप्तरी, महोत्तरी वा सो क्षेत्रमा पर्ने जगतपुर भन्ने ठाउँमा पुग्नुभएको थियो । उहाँले त्यही टुरमुकामबाट चैनपुरका श्रवाजा, फेश्राप, नपुरान्जालाई पाँच मौजा पांमा, मांगमा, तेवें, वोश्रनिमा र तापंनागोलाई स्याहामोहर जारी गर्नुभएको थियो ।

स्याहामोहरमा मानिसले प्राप्त गरेको जग्गा उपभोग गर्दै राज्यको सेवा गर्नु भनिएको थियो । उक्त स्याहामोहर वनेम फागोसँग पाइयो । स्याहामोहरमा उल्लेखित व्यक्तिहरु वनेम फागो नै भएका र निजहरू सेनकालीन दरबारमा मन्त्री, काजी वा जागिरे रहेको पुष्टि हुन्छ ।

सेन राजाले लिम्बू, खम्बू, याक्खा, आठपहरिया र याम्फूलाई राय, राये, राई भनी स्याहामोहर प्रदान गर्नुभएको थियो । हरिहरसेनको राज्यकाल विसं १७१३ देखि १७३८ सम्म मानिन्छ । उहाँले भारतको गोण्डावारसम्म राज्यविस्तार गरी आफूलाई हिन्दूपति राजा घोषणा गर्नुभएको थियो । तीन सय ४८ वर्ष पुरानो यो स्याहामोहर भगिराज इङ्नामद्वारा सङ्कलित तथा प्रकाशित पुस्तक ‘लिम्बुवानका अभिलेख सङ्ग्रह’ पुस्तकको पहिलो दस्तावेजका रूपमा राखिएको छ । इतिहास अन्वेषक रमेश ढुङ्गेलमार्फत यो दस्तावेज लिइएको सङ्कलक भगिराज इङ्नामले उल्लेख गर्नुभएको छ ।

इतिहासकार इङ्नाम नेपाली इतिहास लेखनका लागि कुनै नयाँ नाम होइन । उहाँको पहिलो पुस्तक ‘लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह’ले विसं २०७८ मा मदन पुरस्कार प्राप्त गरिसकेको छ । सोही पुस्तकको अर्को अंश वा भागका रूपमा हालै ‘लिम्बुवानका अभिलेख सङ्ग्रह’ प्रकाशित भएको हो । माथी उल्लेखित स्याहामोहरको प्रसङ्ग केवल यो पुस्तकमा सङ्ग्रहित तथा सङ्कलित एक दस्तावेज उदाहरणका रूपमा मात्र प्रस्तुत गरिएको हो । यस पुस्तकमा विसं १७३३ देखि २०२५ सम्मका महत्त्वपूर्ण तीन सय ८५ वटा दस्तावेज सरल र बुझिने गरी अनुवादसहित प्रस्तुत गरिएका छन् ।

तत्कालीन् शासकले जारी गरेका भोजपत्र, स्याहामोहर, लालमोहर, कस्यरुक्का, कस्यपत्र, कस्यपत्रम् र लिखित अभिलेख यस पुस्तकमा सङ्ग्रहित छन् । त्यतिमात्र नभइ शिलालेख, धनकुटा मार्गाथानको घण्टीको लेख र तिब्बती लिपिको पाँचवटा दस्तावेज यहाँ प्रस्तुत गरिएको छ । लेखकले यो पुस्तक अघिल्लो पुस्तकमा छुटेका दस्तावेजको पूरक एवं निरन्तरता हो भन्नुभएको छ ।

अघिल्लो पुस्तक ‘लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह’ जति रोचक र महत्त्वपूर्ण पुस्तकका रूपमा प्रकाशित भएको थियो, ‘लिम्बुवानका अभिलेख सङ्ग्रह’ पनि उत्तिकै महत्त्वपूर्ण मानिएको लेखक इङ्नामले बताउनुभयो ।

अघिल्लो र यी दुवै पुस्तकमा समावेश अभिलेख अध्ययन गर्दा इतिहासमा रुची हुने पाठकले एक अभिलेख पढ्न नभ्याउँदै अर्को पल्टाउन मन लाग्ने किसिमका रहेका उहाँको भनाइ छ । विषयसूची हेरेर पुस्तक अध्ययन गर्ने हो भने पनि आठ सय ५० भन्दाबढी पृष्ठको यस पुस्तकका कम्तिमा ५० देखि एक सयवटा अभिलेखमा पाठकको ध्यान तानिन्छ । विषयसूचीमा आकर्षक किसिमका शीर्षक राखिएका छन् । ‘छोराले खाएको ऋण बाबुले तिर्नु नपर्ने’, ‘राईबाट फुटी नयाँ राई भएको’, ‘कन्ने केटीलाई करणी गरे दण्ड नलाग्ने’, ‘करणी मुद्दामा सात सुब्बाको फैसला’ लगायत हुन् ।

पुस्तकमा समावेश दस्ताबेजमा पृथ्वीनारायण शाह र प्रतापसिंह शाहबाट अभिमानसिंहलाई प्रदान गरिएको लालमोहरमा विजयपुर सेन राज्यका देवान बुद्धिकर्णलाई ‘राई’ भनिएको तर विसं १८२४ र १८२९ मा बुद्धिकणले जारी गर्नुभएको स्याहामोहरमा बुद्धिकर्ण ‘राय’ भन्ने उल्लेख गरिएको रोचक विषय समावेश छन् । पृथ्वीनारायण शाहले विसं १८३१ मा पुनी रायलिम्बूलाई प्रदान गर्नुभएको, लालमोहरमा सिरिंग्या लिम्बूसहित दरबारमा मिल्न आए सिरपाउ (पुरस्कार दिने भनी प्रलोभन देखाएको प्रसङ्गले त्यस समयमा सिरिंग्या लिम्बू गोरखाली सेनाविरुद्ध रहेछन् भनेर अनुमान गर्न सकिन्छ ।

यी र यस्ता सयौँ रोचक तथ्यले भरिएको छ, ‘लिम्बुवानका अभिलेख सङ्ग्रह’ पुस्तक । सङ्कलक तथा लेखकको मेहनत कति छ भनेर सामान्य पाठकले अनुमान नै गर्न सक्दैन । यत्तिको दस्तावेज सङ्कलन गर्नका लागि कति समय र मेहनत गर्नुप¥यो होला भनेर लेखकले सरसर्ती पुस्तकमा उल्लेख गर्नुभएको छ, तर पाठकले पुस्तक अध्ययन गरेपछि लेखकले उल्लेख गर्नुभएको भन्दा बढी मेहनत यस पुस्तकमा भएको बताउन सकिन्छ । पुस्तकमा उल्लेखित दस्ताबेजहरूले तत्कालीन समग्रमा पल्लोकिराँत अर्थात् लिम्बुवानको इतिहासलाई जस्ताकोतस्तै प्रस्तुत गरेको छ ।

तत्कालीन ओल्लो किराँत, माझ किराँत र पल्लो किराँतका धेरै इतिहास मिथक अर्थात् मौखिक रूपमा मात्र सुनिँदै आएकामा यस पुस्तकका लेखक तथा सङ्कलक इङ्नामले त्यसलाई तथ्यसहित दस्ताबेजीकरण गर्नुभएको छ ।

जुन कार्य इतिहासमा एक सर्वकालिक महत्त्वपूर्ण काम होभन्दा अत्युक्ति हुँदैन । पुस्तकले विभिन्न बहसका लागि पनि सहज पारिदिएको छ । राई, लिम्बु, सुब्बाजस्ता थर वास्तवमा थर हुन् कि पदवी ? राई, राइ हो कि राय ? यस्ता अनेकन् तथ्य यहाँ सङ्ग्रहित दस्तावेजमा उल्लेख छन् । जसलाई एउटा आधार मानेर थप तथ्य पत्ता लगाएर सदियौँदेखिका विवादलाई समाधान गर्न सहज बनाइदिएको छ ।

दस्ताबेजले तत्कालीन् इतिहासमात्र देखाउँदैन, त्यतिखेरको पल्लोकिराँतको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थालाई उजिल्याउने काम गरेको छ । चेतनास्तर, ससाना थुम्का र गढीहरूमा रहेर शासन गर्ने प्रणाली, सङ्घीय राजधानीमा रहने शासकसँगको सम्बन्धलगायत विषयका बारेमा जानकारी दिन्छ ।

विसं १८३१ पछि राई र लिम्बुलाई तत्कालीन् शासकले फुटाएर ‘फुटी सुब्बा’ वा ‘फुटी राई’ बनाएको प्रसङ्ग लेखकले आफ्नो लेखकीयमा उल्लेख गर्नुभएको छ । जसका कारण धेरै लिम्बु फुटी सुब्बा हुँदा जग्गाविहीन बनेको उहाँले निष्कर्षको रुपमा लेख्नुभएको छ । कतिपय किपटभूमि खोस्ने काम त्यतिबेलै भएको उहाँको ठहर छ ।

मुन्धुम एकेडेमीले प्रकाशन गरेको यस पुस्तकको सह–प्रकाशनमा ताप्लेजुङ र मोरङका एक÷एक गाउँपालिका तथा तेह्रथुमका दुई नगरपालिका र चार गाउँपालिकाले सहयोग गरेका छन् । स्थानीय सरकारले इतिहास लेखनमा सहप्रकाशकको रूपमा सहयोग गरेको काम अन्य स्थानीय तहका लागि पनि अनुकरणीय छ ।

डा त्रिरत्न मानन्धर र जगदीश रेग्मीको हस्तलिखित भूमिका पुस्तकको सुरुमा राखिएको छ । तेह्रथुमस्थित लालीगुराँस नगरपालिकाका प्रमुख तथा इतिहासका अध्येता अर्जुनबाबु माबुहाङले लेखक भगिराज इङ्नाम र लिम्बुवानको इतिहास लेखनबारे स्पष्ट पार्नुभएको छ । दस्ताबेजका स्रोत व्यक्तिहरुको नाम र दस्ताबेज अनुवादकको नाम राखेर लेखकलाई सबैलाई सम्मान गर्नुभएको छ ।

निजामति सेवाबाट निवृत्त लेखक पूर्वप्रशासकसमेत हुनुहुन्छ । यस पुस्तकको मूल्य रु दुई हजार कतिपयका लागि महङ्गो लागेपनि यहाँ समावेश भएका दस्ताबेजको अध्ययनपश्चात् उक्त मूल्य थोरै महसुस हुन सक्छ । तसर्थ क्षेत्रीय रूपमा कमै मात्र लेखिएको राजधानी काठमाडौँ पूर्व र त्यसमा पनि ओल्लोकिराँत अर्थात् लिम्बुवानबारे इतिहास बुझ्नका लागि सबैभन्दा पठनीय सङ्ग्रहको रूपमा यो पुस्तक किन्नु उपयुक्त हुन्छ । त्यसका लागि सम्भव भएमा लेखकका अघिल्लो पुस्तक पनि किन्न सकेमा पाठकका लागि सुनमा सुगन्ध हुने प्रकाशकको भनाइ छ ।




## गुराँसे पाखामा फुलेको रैथाने फूल

**बविता राई**

**तेह्रथुम ।**

गुराँसे पाखाको बीचमा रहेको सुन्दर चौर । रैथाने वास्तु शैलीमा निर्मित खरले छाएका परम्परागत घरहरु । बाहाँ, सिकुवा, आँगन । बिना कङ्क्रिड ढुङ्गैढुङ्गा जोडेर बनाइएका फलैंचा र सिँढीमार्ग । मुन्धुममा वर्णन गरिएझै उभ्याइएका अग्लाअग्ला ढुङ्गाका स्तम्भ । सिङ्जाङ्गो (धसिङ्गरे), फुन्जिङ्बा (पैंयू), ते ?लासे (केरा), लि ?सिङ् फा (मलिबाँस) जस्ता हुर्किरहेका मुन्धुममा वर्णित वनस्पतीहरुले तेह्रथुमको पर्यटकीय बजार वसन्तपुर छेउको चोत्लुङ पार्क पुग्ने जो कोहीलाई पनि लोभ्याउँछ ।

यहाँको सुन्दरतामा हरेक दिन पर्यटकहरु रमाइरहेका भेटिन्छन् । चोत्लुङ पार्कमा भेटिएका सुनसरी धरानका रनबहादुर सुब्बाले झण्डै तीन दशकअघिको याक्थुङ (लिम्बू) गाउँ पुगेको अनुभूति भएको सुनाउनुभयो । ‘अहिले त गाउँघरले पूरै रुप फेरिसक्यो’ उहाँले भन्नुभयो ‘यहाँ बनाइएका घर र अन्य संरचनाहरुले उहिलेको गाउँघरको याद दिलायो ।’

चोत्लुङ पार्कमै भेटिएका इलामका चञ्चल लिम्बूले पनि यहाँ पुग्दा आफूले फरकपनको महसुस गरेको सुनाउनुभयो । अन्य ठाउँहरुमा घुम्दा आधुनिकताको सिको गर्दै बनाइएका संरचनाहरु देखिन्थे । तर चोत्लुङ पार्क पुग्दा भने मौलिक तरिकाबाट पनि पर्यटकीय पूर्वाधारहरु बनाउन सकिने रहेछ भन्ने लागेको उहाँले बताउनुभयो ।

लालिगुराँस नगरपालिका–३ मा रहेको यो ठाउँ २०७४ साल अघिसम्म यस्तो थिएन । वन क्षेत्रभित्रको एकान्तमा पर्ने यहाँ हमेसा मानिस नै पुग्दैनथे । पर्यटक आउने त कुरै भएन । यहीँ ठाउँमा चोत्लुङ पार्क निर्माण गरिएपछि अहिले हरेक दिन सयौंको सङ्ख्यामा पर्यटक पुग्ने गरेका छन् ।

चोत्लुङ पार्कमा रहेका प्रकृतिमैत्री, कलात्मक र रैथाने शैलीका पर्यटकीय पूर्वाधारहरुको अवलोकन गरेर यहाँ पुग्ने पर्यटक आनन्दित हुन्छन् । छोरीको नामको पूजा गर्न पहिलोपल्ट चोत्लुङ पार्क पुगेकी धरानकी चन्द्रा लिम्बूले उहिलेको पहाडी गाउँले जनजीवन र जीवनशैलीको याद आएको बताउनुभयो । ‘‘यी घर, सिकुवा, आँगन, फुलबारी, गोरेटा, फलैंचा र कुवाले मलाई पुराना दिनहरुको सम्झना दिलायो’’ उहाँले भन्नुभयो । मौलिकताको संरक्षण गर्दै पर्यटन विकास गर्ने शैली उहाँलाई निकै मन परेको छ ।

मुन्धुमविद् एवं याक्थुङ (लिम्बू) इतिहासका अध्येतासमेत रहनुभएका लालिगुराँस नगरपालिकाका नगर प्रमुख अर्जुन माबुहाङकै परिकल्पनामा चोत्लुङ पार्क निर्माण गरिएको हो । विसं २०७४ मा भएको पहिलो स्थानीय तह निर्वाचनबाट नगर प्रमुखमा निर्वाचित भएपछि उहाँले पार्कको विस्तृत अध्ययन प्रतिवेदन (डिपीआर) बनाएर निर्माणको काम अघि बढाउनुभएको थियो ।

विसं २०७९ मा भएको दोस्रो स्थानीय तह निर्वाचनबाट पनि उहाँ नै नगर प्रमुख निर्वाचित भएपछि चोत्लुङ पार्कले करीब करिब पूर्णता पाएको छ । नगर प्रमुख माबुहाङले त्यतिबेला आफ्नो योजना सुनाउदा इन्जिनियरले खरले छाउने घरको नक्सा बनाउन मानेका थिएनन् । ‘जबरजस्ती नक्सा बनाउन लगाइयो’ उहाँले भन्नुभयो, ‘अहिले यहीँ हेर्न मान्छे आएको देख्दा र धेरैले यहीँ कामको प्रशंसा गरेको सुन्दा खुसी लाग्छ ।’

चोत्लुङ पार्कमा युमा सङ्ग्रहालय छ । सङ्ग्रहालयमा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाह र लिम्बुवानबीच विभिन्न समयमा भएका सन्धि, सम्झौता, रुक्काजस्ता ऐतिहासिक र दुर्लभ कागजात सुरक्षित गरेर राखिएका छन् । याक्थुङ (लिम्बू) जातिसँग सम्बन्धित पुराना भेषभूषा, गरगहना, हातहतियार र विभिन्न उपकरण सङ्ग्रहालयमा सुरक्षित गरिएको छ । २०७६ पुस ५ गते नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति बैरागी काइँलाले सङ्ग्रहालयको उद्घाटन गर्नुभएपछि सर्वसाधारणका लागि अवलोकन गर्न खुल्ला गरिएको हो ।

यहाँ रहेका ऐतिहासिक कागजात, दस्तावेज र अन्य वस्तुहरुले लिम्बुवानको इतिहास र सभ्यतालाई जीवन्त राख्ने नगर प्रमुख माबुहाङले बताउनुभयो । उहाँका अनुसार तत्कालीन लिम्बुवान क्षेत्रका विभिन्न ठाउँहरुबाट धेरै दुःख गरेर यी ऐतिहासिक कागजात र सामग्री सङ्कलन गरिएका हुन् । समयक्रमसँगै हराएर जाने वा नष्ट भएर जाने खतरा बढेकाले यी वस्तुहरुलाई सुरक्षित र व्यवस्थित गरिएको छ ।

सङ्ग्रहालयले संस्कृति र इतिहासको अध्ययन, अनुसन्धान गर्न चाहनेहरुलाई ठूलो सहयोग पु¥याउने म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमका उप प्राध्यापक दिपक कट्टेलले बताउनुभयो । यसबाट भावी सन्ततिले आफ्नो इतिहास, संस्कृति, समाज र समाज विकासका चरणबारे जानकारी प्राप्त गर्ने उहाँको भनाइ छ । यस किसिमका अन्य विभिन्न जातजातिका धर्म, संस्कृति रीतिरिवाज झल्काउने सङ्ग्रहालयहरु समेत निर्माण गरिए संस्कृति र इतिहासको अध्ययन, अनुसन्धान गर्न चाहनेहरुलाई अझ ठूलो सहयोग पुऱ्याउने उपप्राध्यापक कट्टेलको भनाइ छ ।

सङ्ग्रहालय, मौलिक संस्कृति र सभ्यता झल्काउने प्रकृतिमैत्री पूर्वाधार, स्वच्छ परिवेश र सुन्दर प्रकृति चोत्लुङ पार्कको मुख्य आकर्षण हुन् । किरात याक्थुङ चुम्लुङ तेह्रथुमका अध्यक्ष सेसेहाङ हुक्पा चोङबाङले चोत्लुङ पार्क गुराँसे पाखामा फुलेको रैथाने फूल भएको टिप्पणी गर्नुभयो । चोत्लुङ पार्क एक सय रोपनीभन्दा बढी क्षेत्रफलमा फैलिएको छ । मध्यपहाडी (पुष्पलाल) लोकमार्गअन्तर्गत तेह्रथुमको लालिगुराँस नगरपालिकाको केन्द्र वसन्तपुर बजार छेउमा रहेको चोत्लुङ पार्क सवारी साधनबाटै सहजै पुग्न सकिन्छ ।

लालिगुराँसको राजधानी घोषणा गरिएको तिनजुरे–मिल्के–जलजले (टिएमजे) क्षेत्र प्रवेशद्वारको रुपमा रहेको वसन्तपुरमै रहेको छ, चोत्लुङ पार्क । त्यसैले पनि चोत्लुङ पार्कमा पर्यटकीय चहलपहल भइरहन्छ । गुराँस फुल्ने समयमा त चोत्लुङ पार्कमा पर्यटहरुको ठूलो घुइँचो लाग्ने गर्छ । तिनजुरे–मिल्के–जलजले जाने पर्यटक जाँदा वा फर्किदा चोत्लुङ पार्क पुगेर मात्र फर्किन्छन् । यस क्षेत्रमा ३२ प्रजातिकामध्ये २८ प्रजातिका गुराँस पाइन्छ ।

फुल्ने यामबाहेक अन्य समयमा पनि चोत्लुङ पार्कमा दैनिक दर्जनौं पर्यटक आउँछन् । पूर्वी नेपालका सबैजसो जिल्ला तथा भारतको सिक्किम, दार्जलिङ र कहिलेकाहीँ अन्य विदेशी पर्यटक पनि चोत्लुङ पार्क पुग्ने गरेका पार्कका साम्बा (पुजारी) रुद्रबहादुर तिलिङ लिम्बूले बताउनुभयो । ‘चोत्लुङ’ याक्थुङ (लिम्बू) भाषाको अर्थ ‘सिद्धि’ अर्थात ‘पूर्णता’ हुन्छ । त्यसैले सिद्धीस्थलको रुपमा चोत्लुङ पार्क निर्माण गरिएको नगर प्रमुख माबुहाङ बताउनुहुन्छ ।

पार्क निर्माणका लागि हालसम्ममा लालीगुराँस नगरपालिका, नयाँ शहर आयोजनाको कार्यालय वशन्तपुर तेह्रथमु र अन्य निकाय अनि मनकारी सहयोगीहरुको गरी दुई करोड बढी रकम खर्च भएको नगर प्रमुख माबुहाङले बताउनुभयो । पार्क सञ्चालनका लागि नगरपालिकाले ५० रुपैयाँ प्रवेश शुल्क तोकेको छ । सङ्ग्रहालय समेत अवलोकन गर्न चाहनेहरुले भने एक सय रुपैयाँ तिर्नुपर्छ । पार्क र सङ्ग्रहालय अवलोकन गर्न आउने पर्यटकबाट वार्षिक १३ लाख रुपैयाँ राजश्व संकलन हुने गरेको नगरपालिकाले जनाएको छ ।

गाउँ बनाउने अवधारणाअन्तर्गत चोत्लुङ पार्क निर्माण गरिएको नगर प्रमुख माबुहाङले बताउनुभयो । ‘अहिले सबै शहर बनाउनेतिर लागेका छन्, गाउँ बनाउने एजेण्डा कसैसँग छैन’ उहाँले भन्नुभयो, ‘त्यसैले गाउँको सम्भावनाहरुलाई मर्न नदिन र उपेक्षामा परेको गाउँप्रति मानिसहरुलाई आकर्षित गर्न यो काम गरिएको हो ।’ चोत्लुङ पार्कले पछिल्लो समय पर्यटकहरुलाई पूर्वी पहाड उकाल्ने काम त गरेको छ नै, स्थानीय सरकारले पहलकदमी लिन सके केही गर्न सकिन्छ भन्ने उदाहरण पनि पेश गरेको छ ।

# विज्ञापनको विश्वासले निम्त्याउने स्वास्थ्य सङ्कट





डा अरुणा उप्रेती

काठमाडौं ।

‘तपाईंको शरीरको तौल ४५ मिनेटमा नै कम हुनेछ, केही हप्ताभित्रमा सुडौल हुने’, ‘कपालमा भरिसकेका रौंहरु फेरि पलाउने’, ‘अनुहारमा भएका चायाहरु हट्ने फेरि जवान हुने’ आदि कामका लागि विभिन्न सञ्चारमाध्यममा अनेकौं विज्ञापनहरु हेर्न, पढ्न र सुन्न सकिन्छ । कतिपयले ती विज्ञापनमा विश्वास गरी त्यस्ता सामग्री किनेर प्रयोग गर्दा आर्थिक हिसाबले नराम्ररी ठगिनु मात्र परेको छैन, त्यसले स्वास्थ्यमा गम्भीर जटिलता पनि ल्याएको छ । असम्भव कुरामा विश्वास गर्नु हुँदैन भन्ने थाहा पाउँदापाउँदै पनि विज्ञापनको जालोमा धेरै मानिस फसिरहेका छन् । विशेषगरी मानिसमा रहेका केही कमजोर पक्षहरुलाई समात्न विज्ञापन गर्ने संस्था र गर्न लगाउने कम्पनीले अनेक आकर्षक कुराहरु गरेर झुक्याउन सफल हुन्छन् । त्यही कमजोर पक्षलाई पकडेर गरिने विज्ञापन माछा जालमा फसे झैं हामी फसिरहेका हुन्छौं । उदाहरणका लागि ‘मोटो मानिसका लागि खानेकुरा कम नगरे पनि हुने, व्यायाम गर्न नपर्ने, नथाकिने, खाली एक क्यापसुल औषधि बिहान बेलुका खाए पुग्ने’ जस्ता विज्ञापनले त मुटुमा यसरी छुन्छ कि मोटा व्यक्तिहरु त्यस्तो औषधि जताबाट पाउन पनि लालायित हुन्छन् । त्यस्तै प्रकारले ‘कम्मर पेटी बाँधेर केही छन बसेपछि पसिना निस्कन्छ अनि कम्मर त एक इन्च घटिहाल्छ’ भन्ने जस्ता लोभलाग्दो कुरा विज्ञापनमा भनेपछि कम्मर घटाउन चाहने मानिस दौडेर त्यो पेटी किन्न तयार हुन्छ । त्यसरी नै ‘छाला गोरो पार्ने जिन्दगी सफल पार्ने’ भन्दै थरिथरिका क्रिमहरुको विज्ञापन गरिन्छ, त्यसले विरामी फाइदा नपुगे पनि सम्बन्धित कम्पनीलाई राम्रै आम्दानी हुन्छ । यति हुँदाहुँदै पनि हामीहरुमध्ये धेरैले विज्ञापनमा भनिएका कुराहरु कति सत्य हुन् भन्ने कुरामा कहिल्यै सोचेका हुँदैनौं । मोटोपन घटाउन वा औषधि वा कम्मर घटाउन बेल्टले कति सहायता दिन्छ होला त ? शरीरभित्र रहेको बोसो एकैचोटी पगाल्ने कुनै औषधि हुँदैन । यदि त्यस्तो हुँदो त अमेरिकामा २५ प्रतिशत जनसंख्याले त्यो औषधि प्रयोग गर्थे होलान् । कम्मर पेटी बाँधेर पसिना निस्कँदा कम्मरको नाप ३४ इन्चबाट ३३ इन्च हुँदो हो त, त्यस्तो खालको कम्मर पेटीको उत्पादन गर्ने कम्पनी हजारौंको सङ्ख्यामा हुने थिए होला । किनभने एक दिनमा एक इन्च घट्ने कम्मर १० दिनमा १० इन्च घट्दैन थियो होला त ? शरीरको कम्मरको नाप १० दिनमा १० इन्च घट्न शरीरको तौल कति कम हुनुपर्छ होला ? १० दिनमा के आश्चर्यजनक रुपले ‘केही नगरिकन’ तौल कम होला र ? तैपनि किन मानिसहरुले विश्वास गर्छन् र प्रयोग गर्छन् ।

विज्ञापनमा भनेका कुरा एक दिन–दुई दिन वा एकै दिनमा दर्शौं चोटी सुनेपछि जो कोहीलाई पनि ‘हो कि, हो कि’ जस्तो लाग्न थाल्छ । त्यसमाथि पनि साँच्चीकै कुनै मानिसले आएर ‘आफू पहिला मोटी भएको, तर औषधि खाएर वा कम्मरपेटी लगाएर पातलो भएर जीवन नै अर्को भएको कुरा’ भनेपछि विश्वास नगर्ने पनि कसरी ?’ भन्ने भावना आउँछ । हो यही भावनालाई पकडिएका छन् विज्ञापन निर्माता कम्पनीहरुले । यदि साँच्ची नै यसरी औषधि र पेटीको कारणले पातलोपन आउँदो हो त डाक्टरहरु त्यसमाथि पनि मुटु रोग विशेषज्ञहरुले बिरामीलाई यिनै औषधी वा पेटी किन्न लगाउँथे । चिनीका रोग भएको मोटा व्यक्ति, मुटुको रोग भएर तौल घटाउनु भन्ने रोगीलाई खानेकुरा कम गर्ने, व्यायाम गर्ने आदिको ठाउँमा यस्ता विज्ञापनको बढी काम लाग्थ्यो होला ।

उमेर बढ्दै जाँदा जीवनशैलीका कारणले (विशेषगरी बौद्धिक काम गर्ने) व्यक्तिहरुलाई त यही पेटी र औषधि प्रयोग गर्नु भन्ने बारेमा विशेषज्ञले बोल्थे होलान् । मोटो मानिसलाई खानेकुरा कम खाएर र व्यायाम गरेर महिनौं लाग्ने काम त औषधीको एउटा चक्कीले हुने भए किन शारीरिक र मानसिक दुःख गरिरहनु पर्थ्यो र ? यदि साँच्चै यस्तो हुँदो त बिहानबिहान उठेर ‘मर्निङ वाक’ वा जीम गर्नेहरुले बिहानको मीठो निद्रा छोडेर गर्मी, जाडो, पानी नभनी किन दुःख गर्थे होलान् ? आधुनिक समाजमा मानिसहरुलाई विश्लेषण गर्ने समय छैन, विज्ञापनमा भनेको कुरा सुन्दासुन्दा हो जस्तो लाग्छ र फेरि त्यस्ता गलत विज्ञापनहरुको विरुद्धमा कसैले नबोल्ने र नलाग्ने हुनाले मानिसहरुलाई त हो न हो यो कुरा साँच्चीकै जस्तो लाग्छ ?

मुटुरोग विशेषज्ञ डा. प्रकाश रेग्मीको विचारमा यसरी औषधि प्रयोगबाट तौल घटाउँदा शरीरमा धेरै हानी गर्छ । यस्ता औषधिहरुले केही समयको लागि घटाए जस्तो हुन्छ तर वास्तवमा शरीरको पानी गएर तौल घटेको अनुभव हुन्छ । पसिना शरीरबाट गएर, पेटी बानेर ठूलो भइन्छ भन्ने त वाहियात विज्ञापन हो । विज्ञापनको अर्को पक्ष देखिन्छ विभिन्न थरिका सौन्दर्य सामग्रीमा । उमेर बढ्दै जाँदा हुँदै जाने शारीरिक भित्री र बाहिरी परिवर्तनहरु रोक्छन्, वा प्रकृतिबाट लिएर आफ्नो छालाको रङ फेर्न सकिने भन्ने गरी जसरी विज्ञापन दिइन्छ, त्यसले एउटा त गलत ज्ञान वा कुराहरु भनिरहेको हुन्छ, अर्को मानवीय दृष्टिकोणले पनि कुनै खास वर्णका मानिसहरुले सोही कारणले जीवनमा सफलता प्राप्त गर्न सक्दैनन् भन्ने जस्ता विचार पनि दिइरहेका हुन्छन् ।

शरीरको छालाको बनोट र रङ हामीहरुले जन्मेदेखि लिएर आएका हुन्छौं । यसलाई बाहिरी वस्तुहरु लेपन गरेर रङ परिवर्तन गर्न सकिँदैन । कुनै रोग लाग्यो भने जस्तो छालाको ‘ल्युकोडर्मा’ (जसमा छालाको रङ दिने वस्तु–मेलानिन कम हुँदै जान्छ भने छालाका रङ बदलिन्छ । तर छालाको रङ कालोबाट गोरो हुने वस्तु चाहिँ हुँदैन । तर ‘गोरो’ हुनुपर्ने र गोरो भएपछि केटा र केटीले एक अर्कालाई मन पराउँछन् भन्ने जस्ता विज्ञापन दिएर सौन्दर्य सामग्री बनाउने कम्पनीले मालामाल हुने कारण पनि हाम्रो विश्वास हो । विज्ञापनबाट प्रेरित भएर हामी शरीरको छालालाई सफा राखेर, व्यायाम गरेर, पोषणयुक्त खाना खाएर स्वस्थ राख्नको सट्टामा सौन्दर्य सामग्री किनेर, लेप लगाएर राम्रो (गोरी) देखिन चाहन्छौं । तर यस्ता सौन्दर्य सामग्रीहरुको प्रयोग कति ठीक हो, विज्ञापनमा भनिएका कुरा कति सत्य हो, लामो समयसम्म यसको प्रयोग गरेपछि के हुन्छ भन्ने बारेमा हामी कहिले सोच्दैनौं । छाला रोग विशेषज्ञ डा. बिमला ओझा भन्नुहुन्छ, ‘‘यस्ता विज्ञापनहरु गलत सौन्दर्य र वैज्ञानिक दृष्टिकोणले पनि ठीक छैन । मानिसको शरीर स्वस्थ रह्यो भने अनुहारको चमक आफैं आउनेछ । यस्ता विज्ञापनहरुले गलत सन्देश दिन्छन् ।

त्यसरी नै विज्ञापन दिएर हाम्रो अर्थ व्यवस्थालाई कमजोर बनाउँदैछ खानेकुराको विज्ञापनले । विशेषगरी बच्चाहरुको खानेकुराको विज्ञापन विभिन्न रेडियो, टिभी, पत्रपत्रिकामा आउने यस्ता विज्ञापनहरुले गलत सूचना त दिइरहेका नै हुन्छन् । विश्व स्वास्थ्य सङ्गठनले हानीकारक, प्रयोग नगर्ने, यस्तो किसिमको सूचना दिन नहुने जस्ता बनाएका नियमहरुलाई पनि बेवास्ता गरिरहेका छन् । फलफूलको रसहरु ताजा फलफूलले बनाइएका बट्टामा बन्द गरी केही बाहिरी वस्तु नमिसाइएको, स्वस्थ भनेर प्रचार गरिन्छ र फलफूलको सट्टामा राखिएको रस हामी साँच्चै नै फलफूलको रस भनेर ल्याउँछौं । तर विचार गर्नुस् त ? के कुनै पनि बाहिरी वस्तु नमिसाई फलफूलको रस ताजा रहिरहन सक्छ ? अर्को कुरा फलफूलका रस बनाएर राख्दा त फलफूलमा भएका कतिपय पोषणतत्व नष्ट हुन्छन् भने अर्कोतिर कहिले बनाएर राखेको र बासी फलफूलको रस चाहिँ सधैं ताजा रहन्छ भन्ने विज्ञापनमा सन्देश दिइन्छ र हामी विश्वास पनि गर्छौं । बिहान पकाएको बेलुका नखाने हामीहरु महिनौंदेखि बासी बट्टामा राखिएको फलफूलको रस ताजा झैं स्वाद मानेर खान्छौं र स्वस्थ भयौं भन्ठान्छौं । आर्थिक र स्वास्थ्य दुवै दृष्टिकोणले यसरी बट्टामा राखिएका वस्तुहरुबाट हामीले के फाइदा गर्न सक्छौं त ?

विज्ञापनमा सुनिन्छ– ‘बढ्ने उमेरका बच्चाहरुका लागि घरको खाना मात्र पर्याप्त छैन । बढ्ने उमेरका बच्चाहरुलाई चाहिन्छ प्रोटिन र र अनेक किसिमका लवणहरु जुन यही फलफूलजन्य बट्टामा राखिएका वस्तुमा पाइन्छ । यो वस्तु किन्नु भयो भने तपाईंले सित्तैमा चम्चा, बाल्टिन, झोला, आदि पनि पाउनुहुन्छ ।’ अनि सित्तैमा पाइने वस्तुको लोभ र घरको खानाले बच्चालाई पोषण नपुग्ने भन्ने विश्वासमा परेर धेरैले त्यस्ता खानेकुरा किनेर ल्याउने गर्दछन् । मानिसहरुले यसमा विचार पुऱ्याएको देखिन्न कि त्यस्ता बट्टाहरुमा राखिएका भोजनहरु केबाट बनाइन्छन् ? प्रायः अङ्ग्रेजीमा साना अक्षरमा लेखिएका यी वस्तुहरुमा लेखिएको हुन्छ । प्रयोग गरिएका वस्तु– कोदो, चामल, गहुँ, जौ, दुध, चिनी आदि र त्यसमा यो पनि लेखिएको हुन्छ– अझ बढी क्याल्सियम मिसाइएको हुन्छ । यीमध्ये सबै वस्तु घरमा पाइन्छन् तर १० गुणा बढी मूल्य तिरेर किन्ने गरिन्छ । बाहिरका बट्टाका खानेकुरा स्वास्थ्यकर छैनन् ।

यस्तै साना शिशुहरुलाई खुवाइने पोषणका बारेमा त विश्व स्वास्थ्य सङ्गठन र युनिसेफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले बनाएका नियमहरुलाई एकातिर फालेर शिशुका पोषण र दुधको लागि विज्ञापन गरिन्छ । बच्चाहरुलाई दुध बनाउने कम्पनीहरुले पहिले त आमाको दुधभन्दा बट्टाको दुध शिशुलाई फाइदा गर्छ भनेर विज्ञापन गर्थे । पछि स्वास्थ्यकर्मीहरुले त्यसको विरुद्धमा आवाज उठाएपछि विश्व स्वास्थ्य सङ्गठनले यससम्बन्धी नियम बनाएपछि यस्ता सन्देशहरु दिन चाहिं छोडेका छन् तर अन्य तरिकाले विज्ञापन र गलत सन्देश दिने काम त अझै जारी छ । घरमा रहेको जाउलो, रोटी, आलु छोडेर विज्ञापनबाट प्रेरित भएर त्यसमा बढी पैसा तिर्ने गर्दछन् । यसरी विज्ञापनको प्रभावमा परेर धेरैजना हरेक पलमा ठगिरहेका हुन्छन् । विज्ञापनकै प्रभावमा परेर हामीलाई आवश्यक नपरेका कुराहरु पनि किन्ने प्रवृत्ति छ । सही ढङ्गबाट विज्ञापन गर्ने नियम कार्यान्वयन तथा उपभोक्ताहरुमा स्वास्थ्यप्रतिको जनचेतनाको विकास नभएसम्म धेरै मानिसहरुले आर्थिक नोकसानीको साथै अनेक स्वास्थ्य समस्या भोग्नुपर्ने अवस्था रहिरहनेछ ।

(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुनुहुन्छ)

रासस



# उदारीकरणका नायकबाट प्रधानमन्त्रीसम्मको यात्रा

# मनमोहन सिंह



पूर्वप्रधानमन्त्री मनमोहन सिंहको ९२ वर्षको उमेरमा बिहीबार निधन भएको छ । यो जानकारी अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) दिल्लीले दिएको हो । एम्सले जारी गरेको प्रेस विज्ञप्तिमा ९२ वर्षीय मनमोहन सिंहलाई बिहीबार साँझ घरमै अचानक बेहोस भएपछि गम्भीर अवस्थामा एम्सको आपतकालीन विभागमा ल्याइएको बताएको छ । मनमोहन सिंहका श्रीमती र तीन छोरी छन् । मनमोहन सिंह लगातार दुई कार्यकाल भारतको प्रधानमन्त्री भए र उनको व्यक्तिगत छवि एकदम सफा थियो । भारतमा आर्थिक सुधारको श्रेय उनलाई जान्छ । सन् २००४ देखि २०१४ सम्मको उनको प्रधानमन्त्रीको कार्यकाल होस् वा यसअघिको अर्थमन्त्रीको रूपमा उनको काम ।

मनमोहन सिंहको नाममा अर्को उपलब्धि छ, उनी जवाहरलाल नेहरू पछि पहिलो भारतीय थिए, जो लगातार दोस्रो पटक प्रधानमन्त्री बने । मनमोहन सिंहले सन् १९८४ मा भएको सिख दंगाका लागि संसदमा माफी मागेका थिए । सन् १९८४ को सिख दंगामा करिब ३ हजार सिख मारिएका थिए । मनमोहन सिंहको दोस्रो कार्यकालको प्रधानमन्त्रीको धेरै चर्चा भयो । यो अवधिमा धेरै भ्रष्टाचारका घटना बाहिर आए । यी घोटालाका कारण २०१४ को आम चुनावमा कांग्रेसले पराजय भोग्नुपरेको धेरैको विश्वास छ ।

## पञ्जाबमा जन्म, क्याम्ब्रिजबाट मास्टर्स

मनमोहन सिंहको जन्म २६ सेप्टेम्बर १९३२ मा अविभाजित भारतको पञ्जाब प्रान्तमा भएको थियो । यो भाग अहिले पाकिस्तानमा छ । पञ्जाब विश्वविद्यालयबाट पढेपछि उनले क्याम्ब्रिज विश्वविद्यालयबाट स्नातकोत्तर र अक्सफोर्डबाट डी.फिल गरे । मनमोहन सिंहकी छोरी दमन सिंहले आफ्नो पुस्तकमा क्याम्ब्रिजमा पढ्दा आर्थिक संकटबाट गुज्रिएको बताएकी छन् । दमन सिंहले लेखेका छन्, 'उनको ट्युसन र बस्ने खर्च वार्षिक ६०० पाउण्ड थियो ।' उनले पञ्जाब युनिभर्सिटीको छात्रवृत्तिबाट करिब १ सय ६० पाउण्ड प्राप्त गरे, बाँकीको लागि उनी आफ्नो बुबामा भर पर्नुपरेको थियो । मनमोहनले आफ्नो जीवन अत्यन्त सादगी र मितव्ययीताका साथ बिताए । डाइनिङ हलमा अनुदानित खाना अपेक्षाकृत सस्तो थियो, दुई शिलिंग छ पेन्स लागत । दमन सिंहले आफ्नो बुबालाई 'घरको काममा पूर्णतया असहाय 'भनेर वर्णन गरे, 'उनी न त अण्डा उमालेर टिभी खोल्न सक्थे ।'

## सहमति बनाउने नेता

मनमोहन सिंह सन् १९९१ मा भारतको अर्थमन्त्रीको रूपमा उभिए, यो समय थियो जब देशको आर्थिक अवस्था निकै नाजुक थियो । उनको अप्रत्याशित नियुक्तिले उनको लामो र सफल करियरमा नयाँ उचाइ ल्यायो । उनले शिक्षाविद् र नोकरशाहको रूपमा मात्र काम गरेनन्, उनले सरकारको आर्थिक सल्लाहकारको रूपमा पनि योगदान गरे र भारतीय रिजर्भ बैंकको गभर्नर पनि थिए । अर्थमन्त्रीको रूपमा आफ्नो पहिलो भाषणमा उनले भिक्टर ह्युगोलाई उद्धृत गर्दै भने, 'यो संसारको कुनै पनि शक्तिले विचारलाई रोक्न सक्दैन जसको समय आएको छ ।' यो भाषण उनको महत्वाकांक्षी र अभूतपूर्व आर्थिक सुधार कार्यक्रमको सुरुवात थियो । उनले कर कटौती गरे, रुपैयाँको अवमूल्यन गरे, सरकारी कम्पनीहरूलाई निजीकरण गरे र विदेशी लगानीलाई बढावा दिए । यसका कारण अर्थतन्त्रमा सुधार आयो, उद्योगहरूको तीव्र वृद्धि भयो, बढ्दो मुद्रास्फीति नियन्त्रण भयो र सन् १९९० को दशकमा वृद्धिदर निरन्तर उच्च रह्यो ।

## 'एक्सीडेन्टल प्रधानमन्त्री'

मनमोहन सिंहलाई आफूसँग राजनीतिक समर्थनको आधार छैन भन्ने राम्ररी थाहा थियो । उनले भनेका थिए, 'राजनीतिज्ञ बन्नु राम्रो कुरा हो । तर लोकतन्त्रमा राजनीतिज्ञ बन्नका लागि पहिला चुनाव जित्नुपर्छ । तर सन् १९९९ मा लोकसभा चुनाव जित्ने प्रयास गर्दा उनी निराश भए । तर, कांग्रेसले उनलाई राज्यसभामा पठायो । २००४ मा पनि त्यस्तै भयो। तत्कालीन कांग्रेस अध्यक्ष सोनिया गान्धीले प्रधानमन्त्री बन्न अस्वीकार गरेपछि मनमोहन सिंह प्रधानमन्त्री बने । त्यसपछि सोनिया गान्धीमाथि उनको विदेशी मूलको बारेमा प्रश्न उठ्यो । तर, आलोचकहरूले मनमोहन सिंहलाई प्रधानमन्त्री बनाए पनि वास्तविक शक्ति सोनिया गान्धीको हातमा रहेको बताएका





छन् । मनमोहन सिंहको प्रधानमन्त्रीको रूपमा आफ्नो पहिलो कार्यकालमा सबैभन्दा ठूलो सफलता अमेरिकासँग परमाणु सम्झौता थियो । उनको पालामा यो ऐतिहासिक सम्झौता भएको थियो र त्यसैको कारण भारतले अमेरिकाको आणविक प्रविधिमा पहुँच पायो । तर यो सम्झौता पनि तिर्नुपर्ने थियो । मनमोहन सिंह सरकारलाई समर्थन गर्ने वाम दलहरूले आफ्नो समर्थन फिर्ता लिएका छन् । कांग्रेसले बहुमत जुटाउन संघर्ष गर्नुपरेको थियो । अन्य दलको समर्थन लिनुपर्‍यो र यसै क्रममा कांग्रेसले सांसदको समर्थन किन्न पैसा खर्च गरेको आरोप लागेको थियो । मनमोहन सिंह सहमति निर्माणको पक्षमा थिए । उनले गठबन्धन सरकारको जिम्मेवारी सम्हालेका बेला गठबन्धनलाई मनाउन गाह्रो काम थियो । उनी स्वरमा थिए । मनमोहन सरकारलाई समर्थन गर्ने क्षेत्रीय दलहरूले पनि आफ्ना मागहरू चर्को स्वरमा उठाएका छन् । यसमा अन्य सहयोगी दल पनि पछि परेनन् । तर, मनमोहन सिंहले आफ्नो विश्वसनीयता र बुद्धिका कारण धेरै सम्मान पाएका थिए । उनलाई नरम व्यक्तित्व भएको मानिन्थ्यो र उनी निर्णय लिन असक्षम भएको भनिन्थ्यो । केही आलोचकहरूले भनेका छन् कि उनको कार्यकालमा आर्थिक सुधारको गति सुस्त भयो । उनले अर्थमन्त्री हुँदा सुरु गरेका आर्थिक सुधारलाई उनी प्रधानमन्त्री हुँदा अगाडि बढ्न सकेनन् । मनमोहन सिंहको नेतृत्वमा कांग्रेसले २००९ मा दोस्रो पटक निर्णायक चुनाव जित्यो । तर विजयको चमक चाँडै बन्द भयो, र उनको दोस्रो कार्यकाल गलत कारणले समाचारमा रह्यो – उनको मन्त्रिपरिषद्का धेरै मन्त्रीहरूलाई घोटालाको आरोप लगाइएको थियो जसले कथित रूपमा देशलाई अरबौं डलर खर्च गर्यो । विपक्षीहरूले संसद अवरुद्ध गर्ने क्रम जारी राखे र नीतिगत गतिरोधका कारण देशले गम्भीर आर्थिक मन्दीको सामना गर्यो ।

भाजपाका वरिष्ठ नेता लालकृष्ण आडवाणीले सिंहलाई भारतको 'कमजोर प्रधानमन्त्री' भनेका छन् । यसमा मनमोहन सिंहले आफ्नो कार्यकालको बचाउ गर्दै भने कि उनको सरकारले देश र जनताको हितको लागि 'पूर्ण प्रतिबद्धता र समर्पण' संग काम गरेको छ ।

## यथार्थपरक विदेश नीति

मनमोहन सिंहले आफ्नो विदेश नीतिमा आफ्ना दुई पूर्ववर्तीहरूको व्यवहारवादी राजनीतिलाई अगाडि बढाए । उनले पाकिस्तानसँग शान्ति प्रक्रिया जारी राखे, तर पाकिस्तानी लडाकुहरूलाई दोष लगाइएका आक्रमणहरूले यसलाई अवरोध पुर्‍यायो । नोभेम्बर २००८ को मुम्बई हमला र बम विस्फोटमा यसको शिखर देखियो । उनले चीनसँगको सीमा विवाद अन्त्य गर्ने प्रयास गर्दै ४० वर्षभन्दा लामो समयदेखि बन्द रहेको नाथुला पासलाई पुनः खोल्ने सम्झौता गरेका थिए । मनमोहन सिंहले अफगानिस्तानलाई आर्थिक सहायता बढाए र लगभग ३० वर्षमा त्यहाँ भ्रमण गर्ने पहिलो भारतीय नेता बने । साथै, उनले भारतको पुरानो सहयोगी इरानसँगको सम्बन्ध तोड्ने संकेत दिएर धेरै विपक्षी नेताहरूलाई पनि आक्रोशित तुल्याए ।

## 'सादगी' मनपराउने नेता

एक मेहनती पूर्व शिक्षक र नोकरशाहको रूपमा, उहाँ आफ्नो नम्रता र शान्त स्वभावको लागि परिचित थिए । उनको ट्विटर खाता (एक्स) साधारण र बोरिंग पोस्टहरूको लागि परिचित थियो, जसको फलोअरहरूको संख्या पनि धेरै कम थियो । मनमोहन सिंह संयमित थिए । उनी सधैं शान्त देखिन्थे । उनको व्यक्तित्वको यी पक्षहरूको कारण उनको धेरै प्रशंसकहरू थिए । कोइला खानीको अवैध आवंटनसँग सम्बन्धित अर्बौं डलरको घोटालाको बारेमा सोध्दा उनले यस विषयमा आफ्नो मौनताको बचाउ गर्दै भने, 'आफ्नो मौन हजारौं शब्दको जवाफ भन्दा राम्रो छ ।' २०१५ मा, उनलाई आपराधिक षड्यन्त्र, विश्वासको भंग र भ्रष्टाचार सम्बन्धी अपराधको आरोपको जवाफ दिन अदालतमा बोलाइएको थियो । यस समयमा एक समस्याग्रस्त मनमोहन सिंहले पत्रकारहरूलाई भनेका थिए कि उनी 'अनुसन्धानको लागि पूर्ण रूपमा तयार' थिए ।

सत्यको जित हुनेछ । प्रधानमन्त्रीको रूपमा आफ्नो कार्यकाल पूरा गरेपछि उमेर बढ्दै गए पनि उनी कांग्रेसका वरिष्ठ नेताका रूपमा विपक्षी राजनीतिमा सक्रिय रहे । अगस्ट २०२० मा, उनले बीबीसीसँगको अन्तर्वार्तामा भारतले कोभिड महामारीबाट अर्थतन्त्रमा भएको क्षतिको क्षतिपूर्तिको लागि तुरुन्तै तीनवटा कदम चाल्नुपर्ने बताएका थिए । यो महामारीले भारतको अर्थतन्त्रलाई हल्लायो । सरकारले जनतालाई नगद दिनुपर्ने उनको भनाइ थियो । साथै व्यवसायीलाई पुँजी उपलब्ध गराउनुपर्छ र वित्तीय क्षेत्रमा रहेका समस्या समाधान गर्नुपर्छ । र अन्तमा, मनमोहन सिंह भारतलाई आर्थिक र आणविक पृथकताबाट बाहिर ल्याउने व्यक्तिको रूपमा इतिहासमा सम्झिनेछन् । यद्यपि कतिपय इतिहासकारहरूले भने कि उनले धेरै पहिले अवकाश लिनुपर्थ्यो । सन् २०१४ मा एक अन्तर्वार्तामा उनले भनेका थिए, 'संसदमा रहेका वर्तमान मिडिया र विपक्षी दलहरूभन्दा इतिहासले मप्रति दयालु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ ।' बिबिसी हिन्दीको सहयोगमा

# करिब २३ लाख रुपैयाँको अवैध समान भन्सार दाखिला

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, पर्साले विहीबार २२ लाख ६९ हजार ४३० रुपैया बराबरका अवैध समान वीरगंज भन्सार दाखिला गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नं १३ गण हे.क्वा पर्सा मातहतका प्रहरी सीमा सुरक्षा गुल्म सु.गुल्म वीरगंज, भिखामपुर, वि.ओ.पि. पिडारीगुठ्ठी र अम्मरपट्टीबाट खटिएका सुरक्षा टोलीले पर्साका विभिन्न स्थानबाट पक्राउ गरेका समान बिहीबार वीरगंज भन्सार दाखिला गरेको हो । पुष ७ गते देखि पुष ११ गतेसम्म पर्साका विभिन्न स्थानबाट अवैधरुपमा भन्सार छलि नेपाल भित्राइएका समान पक्राउ गरि २२ लाख ६९ हजार ४३० रुपैयाँ बराबरका समान भन्सार दाखिला गरिएको सशस्त्र प्रहरी नायव उपरीक्षक नरेन्द्र सिंह धामीले जानकारी दिए ।

१० लाख बराबरको चक्लेट, ३ लाख ६८ हजार ६८० रुपैयाँ बराबरको कपडा, किरान, मोटरपार्टस, जुता चप्पल, ३० हजार ७५० मूल्य बराबरको ८ बोरा लसुन, १ लाख २५ हजार बराबरको १२०० किलो केराउ सहित ना १ ज ७८४५ नं. को म्याजिक गाडी, समान ओसारपसारमा प्रयोग भएका ३ लाख ४५ हजार मूल्य कायम गरि ३ वटा मोटरसाईकल र ४ लाख बराबरको ना.१ त. ७२२५ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको भन्सार दाखिला गरिएको धामीले बताए ।

यसैबीच जिल्ला प्रहरी कार्यालय बाराले ६७ लाख ९६ हजार रुपैयाँ बराबरको समान अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको । विभिन्न प्रहरी ईकाइ कार्यालयहरूबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा बिल भरपाई भन्दा बढी र समानको स्रोत खुलाउन नसकेको करिब मुल्य ६७ लाख ९६ हजार २९ रूपैया बराबरको विभिन्न समानहरू सहित २ वटा ट्रक नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको हो ।

# विद्यार्थीलाई जुत्ता–मोजा वितरण साईन्स ल्याबको उद्घाटन

**संजय तिवारी**
**कलैया ।**
कलैया उपमहानगरपालिका वडा नं. १ स्थित श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालयले विद्यालयमा अध्ययनरत करिब साढे ३ सय विधार्थीहरुलाई जाडोबाट बच्न जुत्ता, मोजा, टाई तथा बेल्ट वितरण गरेको छ ।

त्यहाँ स्थित बाल विकासदेखि कक्षा १० सम्मका करिब साढे तीन सय विद्यार्थीहरुलाई उक्त सामग्री एक कार्यक्रमकाबीच वितरण गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अभिषेक




साहको अथक प्रयासबाट विभिन्न दातृहरुको सहयोगमा 'न्यानो जुत्ता, उज्वल भविष्य' नाराका साथ उक्त सामाग्री वितरण गरिएको हो । सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थी विपन्न वर्गका रहेका र चिसोबाट बच्न आफैँले ती सामाग्रीहरु जोहो गर्ने अवस्था नभएपछि अध्यक्ष साहले विभिन्न सरकारी–गैरसरकारी दातृहरुको सहयोगमा विद्यालयका सबै विद्यार्थीहरुकोलाई उक्त सामाग्री व्यवस्थापन गरेर वितरण गराएका हुन् ।

सोही कार्यक्रमको प्रमुख अतिथि कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले विद्यार्थीहरुलाई सामग्री वितरण गर्नुका साथै नवनिर्मित 'साईन्स ल्याब'को रिबिन काटेर उद्घाटन गरे । उपमहानगरको लगानीमा उक्त साईस ल्याबको स्थापना गरिएको हो ।

साईन्स ल्याब स्थापना भएसँगै कक्षा ९ र १० विद्यार्थीहरुले विज्ञान प्रयोगशालाको रुपमा ल्याबलाई प्रयोग गर्ने विद्यालयका प्रधानाध्यापक रामनाथ मिश्रले बताए ।

सो अवसरमा वडाध्यक्षहरु मोहन बहादुर क्षेत्री, रामेश्वर यादव, शिक्षा शाखा प्रमुख प्रह्लाद वर्णवाल, अधिकृत विजय अधिकारी, नगर शिक्षा समितिका मोहम्मद सगिर, मनोज जयसवाल, वडा सदस्य शशी दास, सामाजिक अभियन्ता जितेन्द्र यादव, विव्यसका सदस्यहरु, विद्यार्थी, शिक्षक तथा अभिभावकहरुको सहभागिता रहेको थियो ।

# छुट्टाछुट्टै कार्यक्रममा १ सय ६७ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० स्थित प्रदिप खण्डेलवाल मेमोरियल ट्रष्टको सातौं वार्षिकोत्सव रक्तदान कार्यक्रम गरेर मनाएको छ । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष एवम् समाजसेवी अशोक कुमार टेमानीको प्रमुख उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।

ट्रष्टका प्रकाश खण्डेलवालको अध्यक्षता कार्यक्रममा नेपाल औषधि व्यवसायी संघका ताजुदिन अन्सारी, बिस्वराज गौतम, प्राध्यापक डा. प्रमोद सर्राफ लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा चार जना महिला सहित एक सय चार जनाले रक्तदान गरेकार रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले जानकारी दिए ।

यसैगरी सिद्धार्थ बैंकले आफ्नो २२ औँ वार्षिकोत्सवको अवसरमा वीरगंजमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । नेपाल रेडक्रस सोसाइटीको



समन्वयमा आयोजित कार्यक्रममा २ जना महिलासहित ६३ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा ईन्द्रदेव साह, दिपम गोयल, धना आले, शिवा सिंह, रितेश कुमार रमन, नीतेश खड्की, गोपीराम महतो लगायतले रक्तदान गरेको सिद्धार्थ बैंक वीरगञ्ज शाखाका शुभम सिन्हाले जानकारी दिए । कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका मधेश प्रदेश प्रमुख सुदिप ताम्रकारले बैंकले आर्थिक तथा वित्तीय कारोबारसँगै सामाजिक उत्तरदायित्व पनि निभाउँदै आएको बताए । उनले रक्तदान कार्यक्रममार्फत समाजमा सकारात्मक योगदान पुर्याउने बैंकको प्रतिबद्धता झल्केको उल्लेख गरे । कार्यक्रममा वीरगंज शाखाका प्रमुख बाबुराम न्यौपाने, मुर्ली चोक शाखाका प्रमुख भरत पौडेल, बाराको कलैया शाखाका प्रमुख मनमोहन लाल साह, सिमरा शाखाका प्रमुख रविन ढकाल लगायतको उपस्थिति रहेको थियो । अस्पताल र स्वास्थ्य संस्थाहरूमा रगतको अभावलाई मध्यनजर गर्दै बैंकले रक्तदान कार्यक्रम आयोजना गरेको हो ।

# जिसस पर्साद्वारा ३ वटा प्रस्ताव सर्वसहम्मत पास

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला समन्वय समिती पर्साको आज नियमित बैठकले आज महत्वपुर्ण ३ वटा प्रस्तावलाई सर्वसहम्मत निर्णय गरेको छ । जिल्ला समन्वय समिती पर्साका सभापति निरन्जन साह सोनारको अध्यक्षतामा बसेको बैठकले जिल्ला अदालत अगाडीको जिससको भवन भाडामा रहेको तथा सोको भाडा असुल गर्नको लागी बारम्बार पत्रचार गर्दा पनि अटेर भएको भाडा असुल गरी कोठाहरु खाली गराउनको लागी पत्रचार गर्ने निर्णय गरेको छ । नदीजन्य पदार्थ गिटी बालुवा, माटो आदीको उत्खन्न संकल्न कार्यको नियमित अनुगमन गर्न र सो अनुगमन प्रतिवेदन जिल्ला समन्वय समिती बोर्ड बैठकमा पेश गर्ने निर्णय गरेको छ । र बिरगंज यातायात कार्यालय पर्सालाई जिल्ला समन्वय समितीको कार्यालयको भवन १ बर्षको लागी कार्यालय संचालन गर्न दिने समेत निर्णय गरेको छ ।

यातायात कार्यालयको आफनै भवन निमार्ण हुने क्रममा रहेकोले निमार्ण नहुन्जेलका लागी जिससमा निबेदन दिएकोले सो कार्यालयलाई कार्यालय संचालनका लागी जिसस भवन दिने निर्णय गरेको जिसस प्रमुख निरन्जन साह सोनारले बताउनु भएको छ । भवनमा संचालन हुदा त्यसमा लाग्ने बिजुली बिल, पानीको बिल, भवनको मर्मत खर्च र ब्यवस्थापन खर्च यातायात कार्यालयले नै ब्यहोर्ने समेत निर्णय गरेको हो । यदि १ बर्ष भित्रमा भवन निमार्ण हुन नसके पुन आपसी सहमतीमा म्याद थप गर्ने समेत निर्णय भएको कार्यालय प्रमुखले बताउनु भएको छ ।

# माघेसङ्क्रान्तिका लागि सख्खर र तिलको जोहो



**मधेशदृष्टि**
**महोत्तरी ।**
तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्व दुई साताभन्दा बढी बाँकी छँदै महोत्तरीसहित मधेशका जिल्लामा मिठ्ठा (सख्खर) र तिलको कारोबार शुरु भएको छ ।

आमउपभोक्ता मिठाई बनाउन चाहिने तिलको जोहो गर्न व्यस्त छन् । पर्वमा 'लाई' बनाइने तिल दुई/तीनपटक फलेर (तिललाई पानीमा भिजाएर भुस निकाल्ने) राम्ररी सुकाइनुपर्ने हुँदा यसको काम गृहिणीले केही साता पहिले नै शुरु गर्ने प्रचलन छ ।

तिल र उखु उत्पादक किसानहरूसमेत अरू काम थाती राखेर आजभोलि तिल चुट्ने, निफन्ने र उखु पेलेर सख्खर बनाउने काममा व्यस्त देखिन्छन् । बर्दिबास–२ की फुलमाया मगरलाई पनि अचेल यस्तै चटारो छ । चाँडै बजार पु¥याइएन नसकिए उत्पादनको राम्रो मूल्य नपाइने भएकाले आफूहरू अरु काम छोडेर यसैमा लागेका उनले बताइन् ।

'आधा पुस त जानै लाग्यो, अब पुस २० अघि त तिल बेच्न नभ्याएपछि भाउ पाइँदैन', मगर भन्छिन्, 'त्यसैले अहिले अरू काम थाती राखेर परिवारै तिल बनाउन लागेका छौँ ।' यसपालि पाँच कट्ठा जग्गामा बटैया तिलखेती गरेकी मगरको यही बेचेर घरका लागि आवश्यक सामानकामे जोहो गर्ने योजना छ । राम्ररी निफनिएको तिल प्रतिकिलोग्राम चार सय रुपैयाँमा बिक्री भइरहेको उनले जानकारी दिइन् । यसैगरी, उखुखेती किसान पनि अहिले धमाधम उखु पेलेर मिठ्ठा पकाउन व्यस्त छन् । राम्रो मिठ्ठा प्रतिकिलोग्राम एक सय २० रुपैयाँको हाराहारीमा बिक्री भइरहेको हुँदा उखु पेलेर मिठ्ठा बनाउने काममा जुटेको भङ्गाहा–४ प्रेमनगरका सुफल महतो बताउँछिन् ।

यसपालि १० कठ्ठामा उखुखेती गर्नुभएका महतोको पुस तेस्रो साताभित्रै धेरैजसो उखु पेलिसक्ने योजना छ । गरिब किसानले यहाँ तिलासक्रायत पर्व आफ्नो उत्पादनले राम्रो भाउ पाउने अवसरका रूपमा लिन्छन् । तिल, सख्खरका अतिरिक्त यस पर्वमा सख्खरखण्ड (सुठुनी), तरुल, मास, पिँडालुलगायत फसल बढी प्रयोग हुने हुँदा किसानहरू लाभान्वित हुने गरेका छन् ।

# करिब डेढ क्विन्टल गाँजासहित मोटरसाइकल नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा प्रहरीले १ क्विन्टल ४२ किलो गाँजासहित भारतीय मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

बाराको सिम्रौनगढ नगरपालिका वडा नम्बर ७ खजानीमा प्रहरीले गाँजासहित बिआर २२ ए क्यु २९७६ नम्बरको भारतीय मोटरसाइकल नियन्त्रणमा लिएको हो ।

मोटरसाइकलका चालक भने गाँजासहितको मोटरसाइकल छाडेर फरार भएको बाराका




प्रहरी प्रबक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए ।

# नवनिर्वाचित पत्रकारलाई वीरगंज उद्योग वाणिज्यको सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिाज्य संघले नेपाल पत्रकार महासंघ पर्सा र पर्साबाट मधेश प्रदेश र केन्द्रीय कार्यसमितिमा निर्वाचित पत्रकारहरुलाई सम्मानित गरेको छ ।

शुक्रबार संघको कार्यालयमा आयोजित कार्यक्रममा पर्साबाट नेपाल पत्रकार महासंघको केन्द्रीय सचिवमा निर्वाचित अशोक तिवारी, केन्द्रीय परिषद सदस्यमा




निर्वाचित लालबाबु शेख, राघव साह, विजय कुशवाहा तथा पत्रकार महासंघ पर्साको अध्यक्षमा निर्वाचित ओमप्रकाश खनाल, उपाध्यक्ष निलिमा पौडेललाई सम्मानित गरिएको हो । यस्तै नवनिर्वाचित सहसचिव एस के चौरसिया र अजय चौरसिया, सदस्यहरु राहुल गुप्ता, प्रकाश तिवारी, नवनिर्वाचित मधेस प्रदेश सचिव दिपक गौतम, प्रदेश पार्षद शिव शंकर साहलाई संघले सम्मानित गरेको छ ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले अहिके देशको आर्थिक अवस्था शिथिल भएका बेला सरकारले निजी क्षेत्रका सुझावलाई समेत समेटेर अघि बढ्नु पर्ने बताए । अहिले उद्योगहरु लोडसेडिङको मारमा परेको भन्दै उनले देश विद्युतमा आत्मनिर्भर भएपनि सरकारले उपयोग गर्न नसकेर लोड सेडिङको मार झेल्नु परेको बताए ।

अध्यक्ष अग्रवालले पर्साका पत्रकारको वृत्तिविकासका लागि पत्रकार महासंघको नव निर्वाचित कार्यसमितसँग सहकार्य गरेर अघि बढ्न आफु तयार रहेको बताए । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्ष माधव राजपाल लगायतको सहभागिता रहेको थियो ।

यसैबीच रेडियो वीरगंज ९९ मेगाहर्जले शनिबार नेपाल पत्रकार महासंघ पर्सा शाखाका नवचिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सम्मान गर्दैछ । रेडियो परिषरमा बिहान साढे ८ बजे नवनिर्वाचित पत्रकारहरुलाई सम्मान गर्ने रेडियो वीरगंज, टिभी वीरगंज तथा मधेशदृष्टि राष्ट्रिय दैनिकका कार्यकारी अध्यक्ष ध्रुव साहले बताए । गत मंसिर २८ मा सम्पन्न महासंघको चुनावबाट नवनिर्वाचितहरुको हौसला तथा पेशप्रतिको लगनशिलता बढाउन सम्मान गर्न लागिएको कार्यकारी अध्यक्ष साहले बताए ।

# समग्र विकासमा शिक्षाको भूमिका महत्वपूर्ण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुर धाम उप महानगरपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख धीरेन्द्र लाल कर्णले स्थानीय, प्रदेश र संघीय तिनै तहका सरकारले शिक्षामा विशेष ध्यान दिनु पर्न बताएका छन् । उनले सामाजिक सशक्तिकरणका लागि सामाजिक विकासमा शिक्षाको भूमिका महत्वपूर्ण रहेका बताए । हनुमान सामुदायिक सिकाई केन्द्र जनकपुरधाम–११ मा इनइसी नेपालको प्रविधिक सहयोगमा हनुमान सामुदायिक सिकार केन्द्रको आयोजनमा संस्थाकी अध्यक्ष उषा साहको अध्यक्षतामा निः शुल्क, गुणस्तरीय सार्वजनिक शिक्षा सम्भव छ भन्ने सिकाई आदानप्रदान कार्यक्रममा यस्तो बताएका हुन् ।

कर्णले मानिसले औपचारिक तथा अनौपचारिक माध्यबाट प्राप्त गरेको ज्ञान, सीप, अनुभवको सार रुप नै शिक्षा भएको र शिक्षा मानव जातिको तेस्रो नेत्र भएकाले आर्थिक रुपान्तरणमा निकै ठूलो महत्व राख्ने बताए । कार्यक्रममा इनइसी नेपालको प्रदेश सदस्य श्रृजना कुमारी झा, सहजकर्ता साधना चौधरी, राज कुमारी भन्डारी, रेविता कुमारी साहलगायतकाले मन्तव्य राखेका थिए ।

# स्थानीय तहका कर्मचारीको धर्ना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्थानीय तहका कर्मचारीले मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय तथा मुख्यमन्त्री आवासमा धर्ना दिएका छन् । पदस्थापनको माग गर्दै स्थानीय तहका कर्मचारी धर्नामा बसेका हुन् । मधेश सरकारले बनाएको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरूसम्बन्धमा व्यवस्था गर्न बनेको 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१' त्रुटिपूर्ण रहेकाले आफूहरू समस्यामा परेको स्थानीय तहमा कार्यरत कर्मचारीको भनाई छ । प्रदेश सरकारको मौनताका कारण कर्मचारीहरू समस्यामा परेको भन्दै पदस्थापना नभएसम्म धर्ना जारी रहने आन्दोलनरत कर्मचारीले बताए । त्रुटिपूर्ण विधेयकका कारण सरकारी सेवाका स्थायी कर्मचारीको सरूवा, पदस्थापना तथा स्तरवृद्धिमा ढिलाइ हुनुका साथै कर्मचारीमा तनाव उत्पन्न भएको कर्मचारीहरूले बताए ।

# दुई नेताको शीतयुद्धमा किसानको धान खरानी

*मितिः पुस ६ गते*
*स्थानः वीरगंज–२२ जगरनाथपुर*
*कार्यक्रमः जनता समाजवादी पार्टी (जसपा) नेपालको अभिमुखीकरण*
*प्रमुख अतिथिः पार्टीका अध्यक्ष उपेन्द्र यादव ।*
*पीडितः हरिन्द्र यादव*



**मधेशदृष्टि**
**वीरगंज ।**
हरिन्द्र यादवलाई जसपा नेपाल मन पर्यो । अनि पार्टी प्रवेश गरे । वडा नम्बर २२ का वडा अध्यक्षका प्रत्यासी मनोज ठाकुरलाई सघाउन थाले । किनभने उनीहरु दुवै मिल्ने साथी पनि हुन् । र, कार्यक्रमका लागि हरिन्द्रले आफ्नै जग्गा दिएका थिए । खानेपानी मन्त्री प्रदीप यादवका कार्यकर्ता नरेश यादवले ह्वाट्सएपमा फोन गरेर भने, 'प्रदीप यादवको विषयमा टिकाटिप्पणी नहोस् है ।'

उपेन्द्र यादव नै भएको कार्यक्रम असफल पार्न नरेशको समूहले विभिन्न पोलमा झुन्ड्याइएको झण्डा समेत हटाइदिएको हरिन्द्रले बताए । यति मात्र होइन, जगरनाथपुरका स्थानीयको घरमा पुगेर कार्यक्रममा नजान पनि भनिएको थियो । त्यही राति ११ बजे हरिन्द्रको साढे तीन बिघा धानबालीमा आगलागी भयो । एक ठाउँमा जम्मा गरी दाइँ गर्न राखिएको परालसहितको धानमा डिजेल र पेट्रोल छर्केर आगो लगाइएको थियो ।

हरिन्द्रको १ हजार १ सय २० बोरा खलियानमा थुपारेको ७ लाख ५० हजार रुपैयाँ बराबरको २ सय १० क्विन्टल धान नष्ट भयो । धानमा आगजनीपछि 'मिसन कम्प्लिट' भनेर फेसबुकमा स्ट्याटस् समेत लेखिएको हरिन्द्रले बताए । कार्यक्रम गर्न जग्गा दिएपछि गाउँका मन्त्री रिसाएको र यो घटना भएको हरिन्द्रको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय पर्सामा हरिन्द्रको उजुरी पनि परेको छ । उजुरी परेको ५ दिन बित्दा पनि प्रहरीले अनुसन्धान गरिरहेको तर कसैलाई नियन्त्रणमा लिन नसकेको जनाएको छ । पुस ७ गते जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पर्साका प्रहरी उपरीक्षक ढुंगेललाई बोलाएर सत्यतथ्य छानबिन गर्न भनेका थिए ।

जसपा नेपालले पत्रकार सम्मेलन गर्दै घटना छानबिन र दोषीलाई कारबाही माग पनि गरेको छ । जसपा पर्साका अध्यक्ष रामनरेश यादवले सत्यतथ्य छानबिन गरी आगजनी गर्नेलाई पक्राउ नगरे आन्दोलनको चेतावनी दिए । लगत्तै, जनता समाजवादी पार्टी वीरगंज महानगर कार्यसमितिले विज्ञप्ति जारी गरेर जसपा नेपालले आफ्ना नेता प्रदीप यादवको बदनाम गरेको भनेर प्रतिवाद गरेको छ । महानगर अध्यक्ष ईश्वरचन्द्र यादवले विज्ञप्ति जारी गरेका हुन् । प्रदीप यादवको गाउँमा उपेन्द्र यादवले गरेको राजनीतिका कारण किसानको धान जलेको छ । मेहनतमा आगो बलेर खरानी भएको छ । यता मन्त्री र पूर्व उपप्रधानमन्त्रीको आपसी द्वन्द्वले पर्सामा विगतमा एउटै पार्टीमा रहेकाहरुको मुठभेड पो हुन्छ कि भनेर प्रहरी प्रशासन एलर्ट भएको छ ।

यता, जसपा वीरगंज महानगरले शुक्रबार पर्सा प्रशासनमा आफ्ना नेता प्रदीप यादवको बदनाम भएको र किसान हरिन्द्र यादवको धानमा आगजनी भएको घटनाबारे ज्ञापनसमेत बुझाउँदै तथ्य बाहिर ल्याउन प्रशासनलाई आग्रह गरेको छ । जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादवले मूठभेड निम्त्याउने गरी आरोप लगाएको र प्रदीप यादवको संलग्नता नरहेको अवस्थामा बदनाम गराइएको ज्ञापन पत्रमा भनिएको छ ।

# तिलावे पुल मर्मतसम्भारको माग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका ग्रामीण भेगलाई जोड्ने वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सिमानामा रहेको क्षतिग्रस्त तिलावे पुल स्थानीयले अविलम्ब मर्मतसम्भार हुनुपर्ने माग गरेका छन् । पुलको स्पान भत्किएको साढे तीन महिना भएपनि जलस्रोत तथा सिँचाइ विभागबाट निरीक्षणबाहेक मर्मतसम्भारको प्रयास नहुँदा स्थानीयले अविलम्ब पुल बनाउनुपर्ने माग गरेका हुन् । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका इन्जिनियर सुरेशप्रसाद साहले पुसको पहिलो साता जलस्रोत तथा सिँचाइ विभागबाट उपमहानिर्देशक वासु तिमिल्सेनाको नेतृत्वमा स्थलगत निरीक्षण गरेर गएको जानकारी दिए । 'जलस्रोत तथा सिँचाइ विभागका निरीक्षण गर्न आएका टोलीले सडक विभागका महानिर्देशकलाई तिलावे पुल मर्मतसम्भार थाल्न अनुरोध गरेको छ', उनले भने, 'निरीक्षण टोलीले भत्किएको पुलको स्पानमात्रै मर्मतसम्भार गरेर सञ्चालन गर्ने वा अर्को दुई लेनको नयाँ पुल निर्माण गर्ने सुझाव दिएको छ । यद्यपि निर्णय भएको छैन ।' पुल नजिकबाट पथान्थरण गरिएको छ । 'हामीले सहज रूपमा सवारीसाधन सञ्चालन गर्न डाइभर्सन गरेका छौँ । डाइभर्सन पनि एक साताभित्रै ग्राभेल गर्नेछौँ', उनले भने । हाल यो पुलमा सवारीसाधन चलाउन रोक लगाइएको छ । तिलावे पुल ५० वर्षअघि निर्माण भएको हो ।

# अन्तर विद्यालय फुटबलमा मुनलाइट र लिटिल फ्लावर बिजयी



**मधेशदृष्टि**
**वीरगंज ।**
श्री शंकरलाल केडिया मेमोरियल अन्तर विद्यालय फुटबल प्रतियोगितामा दुइटा खेलहरु सम्पन्न भएका छन् । वीरगंजस्थित डिएभी रुकमिणी बनारसी केडिया स्कुलमा जारी प्रतियोगितामा शुक्रबार दुईटा खेलहरु सम्पन्न भएका हुन् । प्रतियोगितामा मुनलाइट स्कुल र लिटिल फ्लावर बिजयी भएका हुन् ।

शुक्रबारको पहिलो खेलमा मुनलाइट माविले ज्ञानदा एकेडेमीलाई पराजित गरेको हो । मुनलाइटले ज्ञानदालाई ८–२ गोल अन्तरले पराजित गरेको हो ।

यस्तै शुक्रबारको दोस्रो खेलमा लिटिल फ्लावरले डिपिएसलाई पराजित गरेको छ । उसले डिपिएसलाई ५–३ गोल अन्तरले पछि पारेको हो ।

खेलमा मुनलाइट स्कुलका एलेकश तामाङ तथा लिटिल फ्लावरका निशान पुडासैनी म्यान अफ दि म्याच घोषित भए । प्रतियोगितामा वीरगंजका १२ वटा विद्यालयको सहभागिता छ ।

# ब्राउन सुगरसहित दुइजना पक्राउ




**मधेशदृष्टि**
**वीरगंज**
प्रहरीले लागू औषध ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराको बिश्रामपुर गाउँपालिका वडा नम्बर ८ नकाटुवा टोलका शेख आजाद र हेटौँडा उपमहानगरपालिका वडा नम्बर १७ निवासी विदन कुमार भुजेल छन् । प्रहरी चौकी हटिया मकवानपुरबाट खटिएको प्रहरीले उनीहरुलाई हेटौँडा–१७ हटिया दाविलेस्थितबाट पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा प्रहरीले विदनको घरमा उनीहरुलाई जाँच गरेको थियो । सोही क्रममा उनीहरुको साथबाट खैरो हेरोइन जस्तो देखिने धुलो पदार्थ दुई ग्राम ५४० मिलिग्राम फेला पारेको मकवानपुरका डिएसपी श्यामु अर्यालले जानकारी दिए । पक्राउ परेकाहरुमाथि जिल्ला अदालत हेटौँडाबाट ७ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# मधेसमा दलित सशक्तिकरण ऐन कार्यान्वयनमा ढिलाइ

**मधेशदृष्टि**
**महोत्तरी ।**
जातीय विभेद हटाएर समतामूलक समाज निर्माण गर्न राज्यका सबै निकाय गम्भीर भएर लाग्नुपर्ने राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले बताएका छन् । मधेश प्रदेश सरकारले बनाएको दलित सशक्तिकरण ऐन २०७६ कार्यान्वयनमा उदासिनता देखिएको चर्चा गर्दै उनले दलित समुदायको विकासका लागि ऐन कार्यान्वयनमा ठोस कदम चाल्नुपर्ने आवश्यक्ता औँल्याए ।

खेलकुद तथा समाज कल्याण मन्त्रालय, दलित विकास समिति मधेश प्रदेश, र राष्ट्रिय दलित आयोगको संयुक्त आयोजनामा महोत्तरीको बर्दिवासमा आयोजित गोष्ठीमा बोल्दै विश्वकर्माले राज्यका स्रोतसाधनबाट गरिने लगानी जातीय विभेद अन्त्यका लागि खर्च गर्नुपर्ने अवस्थालाई दुःखद भन्दै, दलित समुदायलाई सक्षम बनाउन एकीकृत योजना बनाएर काम गर्नुपर्नेमा जोड दिए । उनले भने, 'दलित समुदायको समृद्धि बिना समग्र देशको समृद्धि कल्पना गर्न सकिदैन । त्यसैले समाजको पिँधमा परेका र पछाडी पारिएका दलित समुदायको आर्थिक अवस्था सुधार गर्नेतर्फ हामी केन्द्रित हुन आवश्यक छ । त्यसका लागि राज्यले विभेद हटाउँदै दलितलाई सक्षम बनाउने दायित्व वहन गर्नुपर्छ ।'

संविधान सभा सदस्य एवम् दलित महिला केन्द्र नेपालकी अध्यक्ष लक्ष्मी परियारले पनि गोष्ठीमा आफ्नो विचार व्यक्त गर्दै दलित महिलाहरूको सशक्तिकरणका लागि विशेष ध्यान दिनुपर्ने बताइन् । उनले दलित महिला समुदायको अधिकारका लागि अझ बढी कानूनी र सामाजिक पहलको आवश्यकता रहेको र ऐनको प्रभावकारी कार्यान्वयनमा महिलाहरूको भूमिका पनि प्रबल बनाउनु पर्नेमा जोड दिइन् । गोष्ठीमा दलित सशक्तिकरण ऐन कार्यान्वयनमा पालिकाहरूको कमजोर भूमिकाको चर्चा गरिएको थियो ।

दलित विकास समिति मधेश प्रदेशका उपाध्यक्ष रामप्रवेश बैठाले ऐन बनेको पाँच वर्ष बितिसक्दा पनि मधेशका १३६ मध्ये मात्र ४० पालिकाले ऐन कार्यान्वयनका लागि समिति गठन गरेको तथ्य प्रस्तुत गरे ।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले जातीय विभेद दलितहरूको मात्र नभई राष्ट्रकै समस्या भएको भन्दै विभेद अन्त्यका लागि राज्यका सबै निकाय गम्भीर हुनुपर्ने धारणा राखे । गोष्ठीमा सहभागीहरूले ऐन कार्यान्वयनमा देखिएको उदासिनता हटाउँदै पालिकाहरूले ठोस योजना बनाएर दलित सशक्तिकरणमा सक्रियता देखाउनुपर्नेमा जोड दिएका थिए ।

# प्रहरी भान्से रुम्बाको हत्यामा संलग्न आरोपमा दुइजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा प्रहरीलाइ नै गोली हानी हत्या गरेको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुइजनालाई पक्राउ गरेको छ । गएको शनिवार भएको प्रहरी हत्या प्रकरणमा संलग्न रहेको आशंकामा बारा प्रहरीले दुइजनालाई पक्राउ गरेको प्रहरी स्रोतले जनाएको हो । जीतपुर सिमराको एरियाबाट दुवैजना आरोपितलाई पक्राउ गरिएको बारा प्रहरी स्रोतले जानकारी दिएको छ । पक्राउ परेकाहरुसँग विशेष सोधपुछ चलिरहेकोले नाम र ठेगाना गोप्य राखिएको प्रहरी स्रोतको भनाइ छ । एक दुई दिनमा पत्रकारसम्मेलन गरेर आरोपितलाई सार्वजनिक गर्ने प्रहरीको तयारी रहेको जनाइएको छ । गएको शनिबार बिहान प्रहरीको भान्से राजकुमार रुम्बा कारभित्र मृत भेटिएका थिए । शंकास्पद मृत्यु भएको रुम्बाको पोष्टमार्टम रिपोर्टमा गोली प्रहारबाट हत्या गरिएको खुलासा भएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन